जनताले अनुभूति गर्नेगरी कार्यसम्पादन... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १७८ • २०८१ साल मंसिर ०९ गते आइतबार (24 November, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-




## विद्यालय नखोले कारबाही गर्ने उपमहानगरको चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम । पटक-पटकको वार्तालाई बेवास्ता गर्दै शैक्षिक संस्थाहरु लामोसमयदेखि बन्द गरिएको भन्दै जनकपुरधाम उपमहानगरपालिकाले आइतबारदेखि विद्यालय सञ्चालन गर्न निर्देशन दिएको छ।

संस्थागत विद्यालय सञ्चालन नगरिए कारबाही गर्ने चेतावनी जनकपुरधाम उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत धीरेन्द लाल कर्णले दिएका छन्।

संस्थागत विद्यालयहरुले अनिवार्य तथा निःशुल्क छात्रवृत्तिमा अध्यापन गराउनुपर्ने प्रावधान कार्यान्वयनका लागि विद्यालय र शिक्षण संस्थासम्बद्ध संगठनहरुले रजिष्ट्रेशन शुल्क र परीक्षा शुल्क मात्रै लिइ पठनपाठन गर्न नसक्ने बताउँदै विद्यालय बन्द गरिएको प्रति ध्यानाकर्षण भएको उपमहानगरपालिकाले जनाएको छ।

यता विद्यालय र शिक्षण संस्था सम्बद्ध संगठनहरुले वार्ता बिना निष्कर्ष टुंगिएको भन्दै संस्थागत विद्यालय बन्द नै राख्ने भएको छ। तीन दिनदेखि चलेको वार्ताको क्रममा शनिबार आन्दोलनरत हिसान, प्याबसन, एनप्याबसन एमप्याबसनले संयुक्त रुपमा पत्रकार सम्मेलन गरी आफूहरुको माग जनकपुरधाम उपमहानगरपालिकाले सम्बोधन नगरेकाले शैक्षिक संस्थाहरु नखोल्ने अडान लिएको छ।

मेयर मनोज कुमार साहले आन्दोलनरत पक्षले निःशुल्क शिक्षामा पनि शुल्क निर्धारण गर्नुपर्ने अधिकार दिन माग गरेपछि वार्ता निष्कर्षविहीन टुंगिएको प्याबसन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले बताए।

विगत लामो समयदेखि विद्यालय सञ्चालन नहुँदा विद्यार्थी तथा अभिभावकहरु मारमा परेका छन्। तर संस्थागत विद्यालयका सञ्चालकका नेताहरुले सात आठ दिनसम्म विद्यालय बन्द रहे पनि फरक नपर्ने गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिइरहेका छन्।

आइतबार संस्थागत विद्यालयका सञ्चालकहरु बैठक बसेर आन्दोलनको स्वरुप परिवर्तन बारे निर्णय गर्ने समेत जनाएको छ।

### मुख्यमन्त्री सिंहप्रति असन्तुष्टि

# मधेश सरकारको विकल्प खोज्दै मुख्यमन्त्रीमा कांग्रेसको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता गठबन्धन दल मधेश प्रदेश सरकारको विकल्पको खोजीमा लागिपरेका छन्।

सरकारको कामकारबाही, स्वेच्छाचारिता, अपारदर्शीता, अनियमितता, गैरजिम्मेवारीपनलाई दृष्टिगत गरी सत्तागठबन्धनकै घटकहरुले प्रदेश सरकारको विकल्पको खोजी कार्यलाई तीव्रता दिएका छन्।

मुख्यमन्त्री सतीशकुमार सिंह नेतृत्वको सरकार गठन हुँदा देखि नै विवाद सृजना भएको र हालसम्म पनि सरकारप्रति विश्वासको वातारण निर्माण हुन नसकेको कारण सत्ता गठबन्धनका घटकहरुमा असन्तुष्टि बढ्दै गएपछि विकल्पको खोजी थालिएको जनाउन थालेका छन्।

खासगरी नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णकुमार यादवले मुख्यमन्त्री सिंहले सत्तासाझेदारलाई उपेक्षा गरी कार्य गरिरहेको, कांग्रेसलाई गौण राख्ने कार्यहरु गरेको, जनमत पार्टीकै कार्यकर्ताहरुलाई विभिन्न आयोग, समिति र मन्त्रालयहरुमा पनि वर्चस्व कायम गरी हस्तक्षेप गरेर बेवास्ता गरेको भन्दै शुरुदेखि नै कांग्रेसले असन्तुष्टि व्यक्त गर्दै आएका छन्।

सोही क्रममा वीरगञ्जमा पार्टी सभापति शेरबहादुर देउवालाई प्रदेशसभामा कांग्रेसका प्रदेशसभा सदस्य एवं मन्त्रीसहितका टोलीले मुख्यमन्त्री सिंहप्रति असन्तुष्टि जनाउँदै विकल्प खोज्न सुझाएका थिए।

त्यससँगै मुख्यमन्त्री पदमा दाबीसमेत सभापति




देउवासमक्ष प्रदेशसभापति समेत रहेका संसदीय दलका नेता यादवले दाबीसमेत गरेका थिए।

अर्कोतर्फ प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष पनि नेकपा एमाले मधेश प्रदेश संसदीय दलको टोलीसहितका नेताहरुले मुख्यमन्त्री पदमा दाबी गर्दै प्रदेश सरकार परिवर्तन गर्न माग गरेका थिए।

तर सो बेला कांग्रेस र एमालेबीच शीर्षतहमा कुरा नमिल्दा मधेश प्रदेश सरकारको विकल्पलाई थाति राख्दै संघीय सरकार विस्तारमा केन्द्रित भएका थिए।

महत्वपूर्ण चाडपर्वहरु वितिसकेपछि स्थानीय तहको उपनिर्वाचनमा होमिएका दलहरु नै मधेश प्रदेश सरकारमाथि पनि भ्रष्टाचारलगायतको आरोप लाग्न थालेपछि सत्तारुढ दल नै जनमत पार्टीले मधेशको विकास गर्न नसकेको भन्दै विकल्पबारे पुनः सार्वजनिक रुपमै बोल्न थालेका छन्।

यसैवीच स्थानीय तह उपनिर्वाचनको क्रममा मधेश प्रदेशमा प्रचारप्रसारमा रहेका नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मधेश प्रदेश परिवर्तनको संघारमा पुगेको टिप्पणी गरेका छन्। उनले अब बन्ने प्रदेश सरकारको नेतृतव कांग्रेसले नै गर्ने दाबी समेत गरे।

सिरहाको लहानमा शनिबार नेपाली कांग्रेस लहान नगर कार्यसमितिको बैठकमा बोल्दै महामन्त्री शर्माले जनमत पार्टी नेतृत्वको सरकारको विकल्प खोजी शुरु भएको प्रस्ट्याए।

नेता शर्माले भने, 'कांग्रेसले अहिलेसम्म मधेशमा मुख्यमन्त्री पाएको छैन । मधेश प्रदेश सरकारको विकल्प खोजिनेछ। कांग्रेस नेतृत्वमा बनाउनुपर्छ । एमाले, कांग्रेस र लोसपा मिल्दा सहजै बन्छ। अहिले मुख्यमन्त्री केन्द्रीय सरकारको कारणले राखेका छौं, तर जेजति काम गराइ भइरहेको छ, त्यो चित्त बुझ्दो छैन। अहिले नै यो सरकार ढल्छ भन्ने होइन, तर यही ढंगले अघि बढे कांग्रेसले केन्द्रबाट निर्णय गरेर अघि बढ्छ।'

महामन्त्री शर्माले प्रधानमन्त्री केपी शर्मा ओलीले पनि काम गर्ने गति बढाउनुपर्ने बताए। उनले बीआरआईमात्रै नभएर अरु पनि विदेशी ऋण थुपारेर विकास योजना ल्याउने पक्षमा कांग्रेस नरहेको बताए।

सहकारी रकम अपचलनमा रवि लामिछानेलाई मात्रै लक्षित गरेर सरकारले छानबिन र कारबाही अगाडि नबढाएको उनले बताए। उनले कांग्रेस, एमाले, माओवादी, राप्रपा सबैका नेताहरुमाथि छानबिन भइरहेको बताए।


महामन्त्री शर्माले पार्टी उपसभापति धनराज गुरुङमाथि पनि छानबिन भइरहेको भन्दै दोषी पाइएमा कारबाही हुने बताए।

मुख्यमन्त्री सिंहले कुटनीतिक मर्यादालाई ख्यालै नगरी मुलुकको बेइज्जति गरी भारतको अयोध्यामा बिना आमन्त्रण नै प्रदेशवासीलाई समेत बेवास्ता गरी भ्रमणमै मरिहत्ते गरेका कारण पनि यसको विकल्पको खोजीका आधारलाई बलियो मिलेको नेताहरु बताउन थालेका छन्। मुख्यमन्त्री सिंहसहित विभिन्न मन्त्रीहरुको जम्बो टोली नै अयोध्यामा प्रस्थान गरेका थिए।

सो भ्रमणलाई लिएर जानकी मन्दिरसहितका साधुसन्त तथा महन्त एवं भारतका साधुसन्तहरु पनि मुख्यमन्त्री सिंहको क्रियाकलापलाई लिएर व्यापक असन्तुष्टि जनाएका छन्। जसकारण भारत सरकारले समेत मुख्यमन्त्री सिंहलाई भ्रमणका लागि स्वीकृत दिन उचित ठानेनन् भने नेपाल सरकारले समेत तत्काल भ्रमणभन्दा पनि प्रदेशवासीको हितमा प्रभावकारी काम गर्न आग्रह गरेको स्रोतले जनाएको छ।







# राष्ट्रिय प्रणालीमा जोडियो साञ्जेन जलविद्युत् आयोजनाको बिजुली

काठमाण्डु । चिलिमेको सहायककम्पनीसाञ्जेनजलविद्युत कम्पनी लिमिटेडले निर्माण गरेको साञ्जेन जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोडिएको छ । शुक्रबार साँझ उक्त आयोजनाको पहिलो युनिटबाट उत्पादित बिजुली राष्ट्रिय प्रणालीमा जोडिएको हो ।

रसुवाको आमाछोदिङ्मो-५ मा निर्माण भएको सो आयोजनाको क्षमता ४२ दशमलव पाँच मेगावाट रहेको छ। सबै प्राविधिक परीक्षण सम्पन्न भई पहिलो युनिटबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका सब इञ्जिनियर रबिन कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार शुक्रबार एक युनिटबाट पाँच मेगावाट बिजुली उत्पादन भएको छ ।

सो आयोजनाको बाँकी रहेको दुई युनिटको पनि आइतबारसम्म परीक्षण गरेर केन्द्रीय प्रणालीमा जोडिने तयारी गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले जानकारी दिनुभयो ।

'क्यास्केड मोडल' मा निर्माण गरिएका अर्धजलाशय प्रकृतिको दुई आयोजनामध्ये साञ्जेन (माथिल्लो) जलविद्युत् आयोजना २०८० भदौ मसान्तमा सम्पन्न गरी विसं २०८० असोज २१ गतेदेखि राष्ट्रिय प्रणालीमा बिजुली उपलब्ध गराउँदै आएको थियो ।कुल ११ केभी क्षमताको आपत्कालीन प्रसारण लाइनमार्फत व्यापारीक रुपमा बिजुली प्रवाह गरिरहेको छ । सो आयोजनाको



विद्युत् प्रवाहका लागि कम्पनी आफैँले आठ किलोमिटर ११ केभी डबल सर्किट प्रसारणलाइन तथा १३२/११ केभी सबस्टेसन निर्माण कार्य सम्पन्न गरेको थियो ।

चिलिमे त्रिशूली ६६ केभी प्रसारण लाइनमार्फत क्षमताको सीमितताका कारण करिब आठ दशमलव पाँच मेगावाट विद्युत् वैकल्पिक रुपमा बिक्री गरी हालसम्म करिब रु ३० करोड आम्दानी गरिसकेको छ ।

साञ्जेन तथा साञ्जेन (माथिल्लो) दुवै आयोजना २०७२ सालको भूकम्प, कोभिड-१९, नाकाबन्दी, राष्ट्रिय प्रसारण लाइन उपलब्ध नहुनुलगायत कारणले निर्धारित समयमा सम्पन्न हुन सकेको थिएन । हालै चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारण लाइन सम्पन्न हुने बित्तिकै ती आयोजनाबाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएको कम्पनीले जनाएको छ ।

नेपालमा निर्माणाधीन अर्धजलाशययुक्त आयोजनामध्ये नमूना आयोजना रहेको कम्पनीले जनाएको छ । साञ्जेन माथिल्लो जलविद्युत् आयोजनाको बाँधस्थलमा करिब ४४ हजार घनमिटर क्षमताको पानी जम्मा गरी राष्ट्रिय विद्युत् प्रणालीलाई ७० मिनेट सहज गर्न सकिने 'पिकिङ पोखरी' निर्माण गरिएको छ ।

उक्त पोखरीको पानी सञ्चय गरी साँझको समयमा थप बिजुली उत्पादन गरी राष्ट्रिय विद्युत् प्रणालीमा उल्लेखनीय योगदान गर्न सकिने आयोजनाका प्रमुख कार्यकारी अधिकृत सिंहले जानकारी दिनुभयो । उक्त पिकिङ पोखरीका कारण आयोजना मर्मतसम्भार गर्न र 'इमर्जेन्सी ब्रेकडाउन'मा समेत पावरहाउस सञ्चालन गर्न सकिने उहाँको भनाइ छ ।

नेपालमा भएका क्यासकेड आयोजनामध्ये विशेष प्रविधि जडान गरी साञ्जेन माथिल्लो आयोजना मर्मतसम्भार गर्दा पनि तल्लो आयोजना निरन्तर विद्युत् उत्पादन गर्न सकिने नेपालकै पहिलो आयोजना रहेको कम्पनीका सचिव घनश्याम श्रेष्ठले बताउनुभयो ।

नेपालमा नमूना प्रविधिका रुपमा पहिलोपटक जडान गरिएको उक्त प्रविधि आगामी दिनमा अन्य क्यासकेड आयोजनाले जडान गरी क्यासकेडको तल्लो आयोजना माथिल्लो आयोजनामा रहने निर्भरता कम गर्न सकिने उहाँले बताउनुभयो ।

जर्मनीमा निर्माण भएको एक प्रकारको अत्याधुनिक प्रविधिको उपकरणका कारण कम्पनीलाई आयोजना मर्मतसम्भार समयका कारण हुने क्षति रोकी आर्थिक रुपमा ठूलो राहत दिने सकिने श्रेष्ठले बताउनुभयो । सोही विशेषताका कारण काठमाडौँ विश्वविद्यालयले उक्त आयोजनाको नमूना आफ्नो प्रयोगशालामा समेत सञ्चालन गरेको छ ।

हाल नेपालमा विकास गरिएका क्यास्केड आयोजनामध्ये यो नमूना आयोजना रहेकाले जलविद्युत् विकास, नवीकरणीय ऊर्जा, हाइड्रोलोजी, दिगो विकास लगायतका विषयमा अध्ययनरत विद्यार्थीको प्रयोगात्मक अध्ययन-अनुसन्धानका लागिसमेत उपयोग गर्न सकिने कम्पनी सचिव श्रेष्ठको भनाइ छ ।

साञ्जेन (माथिल्लो) जलविद्युत् आयोजनको सिभिल निर्माण कार्य इसिआई बर्जगुरु, इलेक्ट्रोमेकानिकल निर्माण कार्य विश्वकै ठूलो टर्वाइन निर्माणकर्तामध्ये एक चिनियाँ कम्पनी डोङफोङले गरेको हो भने हाइड्रो मेकानिकल निर्माण स्वदेशी कम्पनी नेपाल हाइड्रोले गरेको हो ।

कम्पनीले निर्माणाधिन ४२ दशमलव पाँच मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको समेत सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी परीक्षण उत्पादन सुरु गरेको हो । यसबाट हिउँद महिनामा हुने प्रणालीको असन्तुलन केही हदसम्म समाधान गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।रासस

# दुई सय ८५ जना कैदीबन्दीलाई 'प्यारोल'मा राख्न सिफारिस

काठमाण्डु । सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डको शुक्रबारको बैठकले २८५ जना कैदीबन्दीलाई प्यारोलमा राख्न सिफारिस गरेको छ ।

महान्यायाधिवक्ता रमेश वडालको अध्यक्षतामा भएको बैठकले कारगार व्यवस्थापन विभागबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ दफा ३८ बमोजिम असल चालचलन तिहाईभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ । यो जेल बाहिर स्वतन्त्र समाजमा बस्ने छुट दिन सक्ने व्यवस्था हो तर पूर्णरुपमा स्वतन्त्र भने हुदैनन् । कसुरदारले तोकेको कैद सजायको दुईतिहाई अवधि भुक्तान गरेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमा बसेर पूरा गर्न पाइन्छ ।



भएका कैदीबन्दीलाई प्यारोलमा राख्न बोर्डसमक्ष प्रस्ताव पेस भएबमोजिम उक्त सिफारिस गरेको हो ।महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता सूर्यराज दाहालका अनुसार प्यारोल भनेको असल चालचलन भएका कैदीबन्दीलाई जेल बाहिर बस्न दिइने कानुनी व्यवस्था हो ।

उक्त ऐनअनुसार एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तर प्यारोलमा छुटेकाहरू पूर्ण रुपमा स्वतन्त्र हुने छैनन् ।

उक्त ऐनले जन्मकैदको सजाय पाएका, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना वा क्रुर वा अमानवीय व्यवहारसम्बन्धी कसुर, मानवताविरुद्धको अपराध र राज्यविरुद्धको अपराधमा सजाय पाएकाहरुलाई प्यारोलमा राख्न बन्देज लगाएको छ ।रासस

# इन्भेष्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ प्रावधान

काठमाण्डु । गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ व्यवस्था गरिएको छ । धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डका प्रवक्ता डा नवराज अधिकारीका अनुसार, इन्भेष्टमेन्ट कम्पनीको शेयरमा गैरआवासीय नेपालीले लगानी गर्नसक्ने र त्यस्तो शेयर दोस्रो दिनसक्ने प्रबन्ध गरिएको उहाँले जानकारी दिनुभयो ।त्यसरी बिक्री गरिने शेयरमा आवेदन दिन सकिने न्यूनतम सीमा भने एक हजार कित्ता रहेको छ । शेयर खरिद गर्न चाहने गैरआवासीय नेपाली नागरिकले आफ्नो परिचयपत्र वा स्थायी लेखा नम्बर पेस गर्नुपर्नेछ ।

त्यस्तो कम्पनीको संस्थापकवा सर्वसाधारणका रुपमा लगानी गर्न




बजारमा पनि उनीहरुले मात्रै खरिद बिक्री गर्न पाउने छन् ।

बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा आठौँ संशोधन गर्दै त्यसप्रकारको प्रबन्ध गरेको हो ।

गैरआवासीय नेपालीले नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोल्न सक्नेछन् । सोही खातामा आस्वा प्रणालीको प्रयोग गरी सरकार र गैरआवासीय नेपालीले स्थापना गरेको कम्पनीको शेयरमा आवेदन सक्नेछन् । शेयरको कारोबार प्रणाली धितोपत्र बजारले व्यवस्थागरेबमोजिम हुनेछ । संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले धितोपत्र निष्काशन गर्दा शेयरको प्रत्याभूतिसम्बन्धी व्यवस्था भने लागू हुने छैन ।गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानीको अवसर उपलब्ध गराउन सरकार र बोर्डको उच्च प्राथमिकता रहेको प्रवक्ता डा अधिकारीको भनाइ छ ।रासस

# करिब पाँच सय पसल अनुगमन गर्दा २० मात्रै नियमअनुरुप

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले चार सय ९७ पसलको अनुगमन गर्दा २० वटा मात्रै नियमअनुरुप सञ्चालन भएका पाइएको छ । साथै दुई सय बढी व्यवसाय दर्ता नगरी सञ्चालन भएको पाइएको हो ।

गत असोज १० गतेदेखि कामपाले सुरु गरेको पर्वलक्षित अनुगमनमा चार सय ९७ पसलमध्ये २० वटा नियमानुसार सञ्चालन भएका पाइएको कामपाले जनाएको छ । एक सय ३३ वटामा म्याद सकिएका वस्तु भेटिएका छन् भने तीन सय ११ वटामा मूल्य सूची फेला नपरेको, दुई सय व्यवसाय दर्ता नगराई सञ्चालन भएको पाइएको कामपाको कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार अनुगमन गरिएका पसलमध्ये चार सय ३८ किराना, १८ मिठाई, १९ ड्राई फुड, सात मसला र १५ वटा डेरी पसल रहेका छन् ।

बजारमा बिस्कुट, चकलेट, चाउचाउ, पापड, मसला, केचअप, जामलगायत खाद्य वस्तुमा म्याद



सकिएको पाइएको न्यौपानेले बताउनुभयो । रसायन भएका वस्तुसँगै खाद्य वस्तु राखिएको, मूल्यसूची नराखिएको, व्यवसाय दर्ता नगरेको, पसल परिसरको सरसफाइमा ध्यान नदिएको, लेबल नभएका वस्तु बेच्न राखिएको, ढक तराजु प्रमाणीकरण नगरी प्रयोग गरिएकोलगायत समस्या रहेका उहाँले जानकारी दिनुभयो ।

मिठाई पसलहरुमा स्वीकृत भएकै रङ्ग प्रयोग गरिए पनि मात्रा नमिलाइएको, तेललाई बारम्बार प्रयोग गरिएको, मिठाईमा उत्पादन र म्याद सकिने मिति उल्लेख नगरिएको, मिठाई बनाउने ठाउँ, पसल र भाँडाकुँडाको सरसफाइमा नभएको पनि अनुगमनका क्रममा फेला परेका उहाँले उल्लेख गर्नुभयो । यी समस्या समाधानका लागि सम्बन्धितलाई अनुगमन टोलीले स्थलगत रुपमा निर्देशन र सुझाव दिएको छ ।

कामपाले खाद्य स्वच्छता प्रवर्द्धन तथा प्रमाणीकरणका लागि खाद्य स्वच्छताः प्रवर्द्धन शिविर (फुड सेफ्टी, वुट क्याम्प) कार्यक्रमसमेत सञ्चालन गरिरहेको विभागले जनाएको छ । खाद्य सेवामा अत्यधिक उपयोग हुने खानेकुरासँग सम्बन्धित क्षेत्रका व्यवसायीलाई खाद्य स्वच्छतासम्बन्धी तालिम प्रदान गरिने कृषि तथा पशुपन्छी विभागका प्रमुख न्यौपानेले बताउनुभयो ।रासस

# ११ महिनापछि चोरी डाका मुद्दाका फरार प्रतिवादी पक्राउ



**टुडे समाचारदाता**

राजविराज । एघार महिनाअघि सिरहाको लहानमा भएको चोरी तथा डाका घटनाका फरार प्रतिवादी सप्तरीबाट पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका २ का २६ वर्षिय सन्तोष भनिने भोगेन्द्र यादव रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय पातोबाट खटेको टोलीले उनलाई गाउँघरमै लुकिछिपी बसेको अवस्थामा शुक्रबार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

आवश्यक कानुनी प्रक्रिया पश्चात् उनलाई शनिबार सिरहास्थित इलाका प्रहरी कार्यालय लहान चलान गरिएको उनले जानकारी दिए ।

यादवविरुद्ध २०८० साल पुस ४ गते सिरहाको लहानस्थित इलाका प्रहरी कार्यालयमा चोरी तथा डाका मुद्दा दर्ता भएको प्रहरीको भनाई छ । मुद्दा दर्ता भए लगत्तै यादव फरार रहेका थिए ।

# धरहरा चढ्ने स्वदेशीलाई दुई सय शुल्क

काठमाण्डु । परीक्षणका रूपमा निःशुल्क खुला गरिएको धरहरा चढ्न स्वदेशी नागरिकलाई प्रतिव्यक्ति रु दुई सय शुल्क तोकिएको छ । विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति रु पाँच सय र सार्कबाहेक मन्त्रालयले जनाएको छ । स्वदेशी नागरिकको हकमा भने विद्यार्थीले, ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूले धरहरा चढ्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट पाउने छन् । यस्तै, धरहरामा पार्किङ गर्दा चार पाङ्गेलाई प्रतिघण्टा रु २० र दुई पाङ्गेलाई रु १० तोकिएको छ । यस्तै, धरहरा



राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति रु एक हजार शुल्क निर्धारण गर्न सहरी विकास मन्त्रालयले गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेस गरेको थियो ।

उक्त प्रस्ताव स्वीकृत भएसँगै यही मङ्सिर ९ गतेदेखि धरहरा चढ्दा उल्लेखित शुल्क लाग्ने स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन (व्यावसायिक बाहेक) गर्न प्रतिघण्टा रु पाँच हजार, धरहरा परिसरमा व्यावसायिक भिडियो छायाङ्कन गर्न प्रतिघण्टा रु पाँच हजार र फोटोग्राफीका लागि प्रतिघण्टा रु एक हजार शुल्क निर्धारण गरिएको छ ।रासस

# विवाद टुङ्गो नलाग्दा अस्पताल भवन बनेन

वीरगञ्ज । विवाद टुङ्गो नलाग्दा पाँचवर्षदेखि नारायणी अस्पतालको भवन निर्माण रोकिएको छ । भवन निर्माणसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन हुँदा भवन निर्माण अलपत्र भएको हो ।

सङ्घीय सरकारले आर्थिक वर्ष २०७५/७६ मा नारायणी अस्पताललाई पाँच सय शै्यामा स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेर निर्माण प्रक्रिया प्रारम्भ गरेको थियो तर सर्वोच्चमा मुद्दा दायर भएपछि काम ठप्प भएका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चुमनलाल दासले बताउनुभयो ।

अस्पतालजस्तो संवेदनशील क्षेत्रको मुद्दालाई अग्राधिकार दिएर निरुपण हुन सर्वोच्चमा अनुरोध गरिने उहाँले बताउनुभयो । सर्वोच्च अदालतले अस्पतालको मुद्दाको पेसी आगामी माघ २८ गतेका निम्ति निर्धारण गरेको जानकारी उहाँले दिनुभयो ।वीरगञ्जस्थित सघन सहरी तथा भवन निर्माण आयोजना र निर्माण कम्पनी भ्याली कन्स्ट्रक्सन प्रालि/नेसनल डेभलपमेन्ट इञ्जिनियरिङबीचको विवाद सर्वोच्च पुगेको हो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको मोनास्टिक विद्यालयमा आयोजना भएको विद्यार्थी सिकाई कार्यक्रम अन्तरगत तीसवटा विद्यालयका विद्यार्थीले आफैले उत्पादन गरेको बस्तुहरु विक्री गरी मुनाफा गर्ने तरिका प्रस्तुत गर्दै । तस्बिर : टुडे

# चार महिनामा साढे चार खर्ब व्यापार घाटा




काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा मुलुकले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा व्यहोरेका छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरणअनुसार यस अवधिमा रू पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख बराबरको आयात र रू ५२ अर्ब ६७ करोड बराबरको निर्यात भएको हो । यसरी कूल रू पाँच खर्ब ६६ अर्ब पाँच करोड ६७ लाखको वैदेशिक व्यापारमा रू चार खर्ब ६० अर्ब ७१ करोड ७३ लाख घाटा देखिएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात शून्य दशमलव १७ र निर्यात चार दशमलव १६ प्रतिशतले बढेको छ । नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारतसँग मात्र चार महिनामा रू दुई खर्ब ८१ अर्ब ११ करोड ६६ लाख घाटा व्यहोरेको छ । कात्तिक मसान्तसम्ममा भारतबाट रू तीन खर्ब १६ अर्ब ८८ करोड ५३ लाख बराबरको वस्तु आयात हुँदा रू ३५ अर्ब ७६ करोड ८७ लाख बराबरको निर्यात भएको छ ।

त्यस्तै नेपालको अर्को ठूलो वैदेशिक व्यापार हुने मुलुक चीनसँग रू एक खर्ब तीन अर्ब १८ करोड २५ लाखको आयात र रू ६८ करोड २३ लाख ७७ हजारको निर्यात हुँदा रू एक खर्ब दुई अर्ब ५० करोडको व्यापार घाटा देखिएको छ ।

पहिलो चौमासिकमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा धेरै देखिएको छ । कात्तिक मसान्तसम्ममा रू २९ अर्ब चार करोड २० लाख बराबरको डिजेल, रू २१ अर्ब ५६ करोड २९ लाख बराबरको पेट्रोल र रू १८ अर्ब ८५ करोड ९३ लाख बराबरको एलपी ग्यास आयात भएको छ । त्यस्तै रू १५ अर्ब ९६ करोड ९२ लाख बराबरको फलामजन्य वस्तु, रू १३ अर्ब ४० करोड ४८ लाख बराबरको स्मार्टफोन आयात भएको विभागको तथ्याङ्कबाट देखिन्छ ।

बढी निर्यात भएका वस्तुमा भने कार्पेट पहिलो स्थानमा देखिएको छ । चार महिनामा रू तीन अर्ब ६० करोड आठ लाख बराबरको कार्पेट निर्यात भएको छ । त्यस्तै सोयाबिन तेल रू तीन अर्ब ४१ करोड, चिया रू दुई अर्ब २१ करोड र अलैंची रू एक अर्ब ९० करोड बराबरको निर्यात भएको छ ।रासस

# 'विपद् जोखिम न्यूनीकरणका लागि पूर्वाधार एवं जनचेता अभिवृद्धि आवश्यक'



काठमाण्डु । नेपालका लागि जापानका राजदूत किकुता युताकाले विपद् उत्थान पूर्वाधार निर्माण गरेर विपद्बाट हुनसक्ने जोखिम एवं क्षति न्यूनीकरण गर्न सकिने बताउनुभएको छ ।

जापानिज युनिर्भसिटीज् एलुम्नाई एसोसिएसन नेपाल (जुआन)द्वारा शनिबार आयोजित 'जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको सम्बोधन : जापान र नेपाल भोगाइ' विषयक गोष्ठीमा उहाँले विपद्बाट हुनसक्ने जोखिम एवं क्षति कम गर्नका लागि जनचेतना अभिवृद्धि, पूर्व तयारी, विपद् उत्थान पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

गत मनसुनमा काठमाडौँ उपत्यकालगायत देशभरका विभिन्न ठाँउमा बाढी र पहिराले धेरै सडक अवरुद्ध हुँदा निर्माणाधीन नागढुङ्गा सुरुङमार्ग आकस्मिक रुटका रुपमा प्रयोग गरिएको स्मरण गर्दै राजदूत युताकाले विपद् उत्थान पूर्वाधार निर्माणबाट प्राकृतिक प्रकोपको समयमा राहत र उद्धारमा समेत सहयोग पुग्ने बताउनुभयो ।

"जापान र नेपाल दुवै भूकम्पीय र हिमाली देश हुन् । दुवै देशले हरेक वर्ष जसो समान किसिमको प्राकृतिक प्रकोपको सामना गर्नुपरेको छ ।

यद्यपि, पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपको प्रभाव भयावह बन्दै गएको छ", राजदूत युताकाले भन्नुभयो, "विपद् प्रतिरोध पूर्वाधारको निर्माणसँगै पूर्वतयारी र जनचेतनाले यसबाट हुने क्षति कम गर्न सकिन्छ ।"

जुआनका अध्यक्ष डा सुनिल बाबु श्रेष्ठले विपद्को पूर्वतयारी, प्रारम्भिक चेतावनी प्रणाली र प्रकोप सामना गर्ने क्षमता अभिवृद्धिका लागि अपनाइने अभ्यासका विषयमा गोष्ठी आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको जोखिमका विषयमा दीर्घकालीन समाधान खोज्न यस गोष्ठीले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# 'कृषिको आधुनिकीकरण आजको आवश्यकता हो'



घोडाघोडी । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले कृषिमा आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउनेतर्फ सबै केन्द्रित हुनुपर्ने बताउनुभएको छ ।

शुक्रबार कैलालीको घोडाघोडी नगरपालिका-२ साँडेपानीमा आयोजित आमसभामा अध्यक्ष लिङ्देनले देश बनाउने अभियानमा सबै लाग्नुपर्ने भन्दै नेपाल कृषिप्रधान मुलुक भएकाले कृषिमा आधुनिकीकरण गरी आर्थिक समृद्धि हासिल गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

विकासका थुप्रै सम्भावना हुँदाहुँदै देशको विकास हुन नसकेको बताउँदै अध्यक्ष लिङ्देनले भन्नुभयो, "हामीसँग थुप्रै प्राकृतिक स्रोत साधनहरू छन् जसको सदुपयोग हुन सकेको छैन ।" हाइड्रोजनमा परिवर्तन गरी बिजुली बिक्री गरेर आम्दानी गर्न सकिने उहाको भनाइ थियो । विकसित हुँदै गरेको सूचना प्रविधिको अधिकतम प्रयोग गरी कृषि, उद्योग, वाणिज्यलगायत क्षेत्रमा फड्को मार्न सकिने उहाँले धारणा राख्नुभयो ।

पर्यटकीय गन्तव्यको प्रवर्द्धन गदै पर्यटनका माध्यमबाट मुलुकको विकास गर्न सकिने अध्यक्ष लिङ्देनले बताउनुभयो । "नेपाल बौद्ध र हिन्दू धर्मको उद्गमथलो भएकाले धार्मिक पर्यटनका माध्यमबाट यहाँको विकास गर्न, नागरिकको जीवनस्तार उकास्न सकिन्छ । यसका लागि नीति र योजना आवश्यक पर्छन्", उहाँले भन्नुभयो ।

राप्रपाका प्रवक्ता ज्ञानेन्द्र शाहीले कृषिप्रधान देशमा बिचौलियाको जङ्गलमा किसान फसेका भन्दै सबैको सहकार्य र समन्वयबाट वास्तविक किसानलाई बिचौलियाहरूबाट बचाउनुपर्ने धारणा राख्नुभयो । "बिचौलियाले किसानबाट कृषिउपज सस्तोमा किन्छन् महँगोमा बेच्छन्", उहाँले भन्नुभयो, "कृषकहरूभन्दा धेरै फाइदा बिचौलियाले लिइरहेका हुन्छन् । यस्तो अवस्थाको अन्त्य गर्न सबैको साथ र सहयोग आवश्यक पर्दछ ।"

स्थानीय कृषकको उत्पादनलाई बजारीकरण गर्न आफ्नो पार्टी लागिपरेको प्रवक्ता शाहीले उहाँको भनाइ थियो । उहाँले कृषिबाट देश कसरी समृद्धि बन्छ भन्ने कुरा इजरायलबाट सिक्नुपर्ने बताउनुभयो । आमसभामा पार्टीका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेसहित अन्य वक्ताले पनि सम्बोधन गर्नुभएको थियो ।रासस

# "क्रेडिट रेटिङ" पछि नेपालले लिनुपर्ने लाभ के हो ?




काठमाण्डु । प्रक्रिया सुरु भएको करिब छ वर्षपछि नेपालले आफ्नो सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) सम्पन्न गरेको छ । पहिलो पटक गराएको क्रेडिट रेटिङमा नेपालले 'डबल बी माइनस' (बिबी) स्कोर प्राप्त गरेको छ ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडिआइ) र बाह्य ऋण भित्र्याउँदा लगानीकर्ताले खोज्ने महत्वपूर्ण सूचकका रुपमा क्रेडिट रेटिङ पर्दछ । यसकारण दातृ निकाय, विकास साझेदार तथा वैदेशिक लगानीकर्ता र नेपालको निजी क्षेत्रलेसमेत लामो समयदेखि क्रेडिट रेटिङ अतिआवश्यक रहेको बताउँदै आएका थिए ।

नेपालले कोभिड-१९ महामारीअघि नै रेटिङ प्रक्रिया थालेको थियो । तर महामारीले अर्थतन्त्रमा गम्भीर सङ्कुचन देखिएको बेला क्रेडिट रेटिङ गर्दा खराब अवस्था देखिने भएपछि सरकारी प्रयासबाटै यो प्रक्रिया रोकियो । पहिलोपटक गराएको क्रेडिट रेटिङको नतिजा शुक्रबार सार्वजनिक गर्दै अर्थ मन्त्रालयले यसलाई 'सन्तोषजनक' देखिएको र आगामी दिनमा यो अवस्था सुधार गर्दै जाने बताएको छ ।

यो रेटिङले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्तीय व्यवस्थापन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको र लगानीमैत्री वातावरण रहेको देखाएको मन्त्रालयको भनाइ छ । लगानीकर्ताले प्रतिफल हेरेर लगानी गर्छन् । निर्धारण गर्ने आधारका रुपमा क्रेडिट रेटिङलाई हेर्ने गरिन्छ । नेपालमा सहज र सुदृढ लगानीको वातावरण छ भन्ने कुरा यो रेटिङको नतिजाले देखाएको छ ।

विश्वका ३० भन्दाबढी देशमा वित्तीय सूचनासम्बन्धी सेवा उपलब्ध गराइरहेको रेटिङ एजेन्सी 'फिच रेटिङ'ले नेपालको साखको स्वतन्त्र आँकलन पछि भनेको छ, "नेपालको सार्वजनिक ऋण र कूल गार्हस्थ्य उत्पादन (जिडिपी)को अनुपात सुविधाजनक अवस्थामै छ । नेपालले राखेको लक्षित आर्थिक वृद्धि र राजस्व सुदृढीकरणबाट यो अनुपात अहिलेकै अवस्थामा कायम रहन सक्छ । सहनशीलता राम्रो छ । बाह्य क्षेत्र राम्रो छ ।"

पहिलोपटक सार्वभौम साख मूल्याङ्कन गराएर ऐतिहासिक उपलब्धि हासिल गरेको र त्यसको नतिजा पनि सन्तोषजनक देखिएको दाबी सरकारले गरिरहँदा नेपालले केकस्तो लाभ लिनसक्छ ? र त्यसका लागि हामी कति तयार छौं ? भन्ने प्रश्न महत्वपूर्ण छ । मुलुकको विकास र समृद्धिका आकाङ्क्षा पूरा गर्न आन्तरिक स्रोतले नभ्याउने अवस्थामा प्रत्यक्ष वैदेशिक लगानी र बाह्य ऋणको भर पर्नुपर्ने हुन्छ । तर लगानीकर्ताले भने सम्बन्धित देशमा भएको लगानीको उचित प्रतिफल पाइन्छ/पाइँदैन वा दिइएको ऋण फिर्ता हुन्छ/हुँदैन भन्ने कुराको सुनिश्चितता खोज्ने गर्दछन् ।

पूर्वअर्थसचिव शिशिरकुमार ढुङ्गाना सार्वभौम साख मूल्याङ्कनले नेपालको कर्जा तिर्नसक्ने क्षमता र लगानीको प्रतिफलको सुनिश्चितता राम्रो देखिएको बताउनुहुन्छ । "रेटिङले लगानी वातावरणका लागि आत्मविश्वास बढाउँछ । अहिलेको नतिजाले नेपालमा गरिएको लगानीको तिर्नसक्ने क्षमता (क्रेडिट बर्दिनेस) राम्रो छ भन्ने देखाएको छ । यसले यहाँ भएको लगानी डुब्दैन भन्ने सुनिश्चिता प्रदान गर्दछ", रासससँग उहाँले भन्नुभयो, "वित्तीय स्रोत परिचालनका लागि अझै ठाउँ छ भन्ने कुरा पनि रेटिङ नतिजाले देखाएको छ ।"

नेपालको जिडिपी र सार्वजनिक ऋणको अनुपात अहिले ४४ प्रतिशत हाराहारी छ । जुन अनुपातले धेरै दबाब नरहेको देखाउने र थप ऋण लिनका लागि अझै ठाउँ रहेको देखाएको ढुङ्गाना बताउनुहुन्छ । "हाम्रो वित्तीय खाडल (फिस्कल ग्याप) कम हुँदै गएको छ भन्ने देखिएको छ । यसले स्रोत परिचालनका लागि अझै पनि दायरा बाँकी छ भन्ने बुझाउँछ र यी सबै कुराले लगानीकर्ताको विश्वास बढाउने हो", उहाँ भन्नुहुन्छ ।

साख मूल्याङ्कनमा राम्रो अवस्था देखिनुले सस्तो लगानी ल्याउनका लागि भूमिका खेल्ने पनि ढुङ्गाना बताउनुहुन्छ । "विदेशीहरुले ऋण दिँदा अथवा सरकार वा निजी क्षेत्रले विदेशबाट पैसा ल्याउँदा 'रिक्स प्रिमियम' लगाउने गर्थे । 'रिक्स प्रिमियम'को दर कम हुन्छ वा यस्तो प्रिमियम नलाग्ने हुन्छ । जसकारण लगानी सस्तो हुन्छ", उहाँले भन्नुभयो, "लगानीको जोखिम कम भएपछि हेजिङको शुल्क पनि कम हुने भयो ।"

नेपालको ऋण तिर्नसक्ने क्षमता राम्रो हुँदा सरकारले द्विपक्षीय तथा बहुपक्षीय ऋण स्वीकार गर्दा 'नेगोसियसन'को क्षमता बढ्ने ढुङ्गाना बताउनुहुन्छ । त्यस्तै, निजी क्षेत्रले पनि वैदेशिक लगानी ल्याउँदा अथवा अन्तर्राष्ट्रिय बजारमा बण्ड स्वीकार गर्दा सहुलियत दरमा 'नेगोसिय सन' गर्न पाउँछन् । यसरी मुलुकको ऋण तिर्नसक्ने क्षमता राम्रो छ भन्नुको अर्थ विदेशी लगानीकर्तालाई लगानीको सुनिश्चितता हुने र नेपालमा आउने लगानीको लागत (कस्ट अफ फन्ड) कम हुने देखिन्छ ।

नेपालको अवस्था राम्रो छ भन्ने देखिएपछि अब नेपालले कसरी लाभ लिनसक्छ भन्ने प्रश्नमा पूर्वअर्थसचिव ढुङ्गाना भन्नुहुन्छ, "सरकारले राम्रो प्रतिफल दिने र उपयुक्त आयोजना पहिचान गरेर 'प्रोजक्ट बैंक' तयार पारी लगानीकर्तासमक्ष प्रस्तुत गर्न सक्नुपर्छ । लगानी खोज्नका लागि सरकारले निजी क्षेत्रलाई अधिकतम परिचालन गरेर अब क्रेडिट रेटिङ पनि भयो र लगानी भित्र्याउ भन्न सक्नुपर्र्यो । निजी क्षेत्रले पनि विदेशी निजी क्षेत्रबाट लगानी प्राप्त गर्नका लागि उनीहरुसँग वार्ता र छलफल गरेर त्यस्तो लगानी भित्र्याउन सक्नुपर्र्यो ।"

विदेशी साझेदारमार्फत नेपालमा लगानी भित्र्याउने निजी क्षेत्रको प्रयासमा अब क्रेडिट रेटिङको नतिजाले राम्रो प्रभाव देखिने नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल बताउनुहुन्छ । विदेशी लगानीकर्ताले कुनै पनि मुलुकमा लगानी गर्नका लागि सबैभन्दा पहिले कन्ट्री रेटिङको अवस्थालाई हेर्ने भएकाले अब नेपाललाई लगानी भित्र्याउन पहिलेकोभन्दा सहज हुने उहाँको बुझाइ छ । "कुनै पनि लगानीकर्ताले सबैभन्दा पहिले हेर्ने भनेको कन्ट्री रेटिङ नै हो । निजी क्षेत्रले पनि विदेशी लगानी ल्याउनका लागि प्रयास गर्ने हो, यसले त्यसमा सहयोग पुग्छ", उहाँले भन्नुभयो, "अर्कोतर्फ सरकारले पनि कुनै ऋण लिँदा वा अन्तर्राष्ट्रिय बजारमा ऋणपत्र जारी गर्दा क्रेडिट रेटिङले सहयोग गर्छ ।"

> नेपालको सार्वजनिक र निजी क्षेत्रबाट भएको लगानीले लक्षित आर्थिक र पूर्वाधार विकास गर्न नसकिरहेको अवस्थामा वैदेशिक लगानी र ऋण अपरिहार्य हो । तर विदेशी लगानीकर्ताले भने सम्बन्धित मुलुकमा लगानी वातावरणको अवस्था कस्तो छ भनेर जान्न क्रेडिट रेटिङको अवस्था कस्तो छ भनेर हेर्ने ।

नेपालको सार्वजनिक र निजी क्षेत्रबाट भएको लगानीले लक्षित आर्थिक र पूर्वाधार विकास गर्न नसकिरहेको अवस्थामा वैदेशिक लगानी र ऋण अपरिहार्य हो । तर विदेशी लगानीकर्ताले भने सम्बन्धित मुलुकमा लगानी वातावरणको अवस्था कस्तो छ भनेर जान्न क्रेडिट रेटिङको अवस्था कस्तो छ भनेर हेर्ने । अब भने नेपालले आफ्नो अवस्था देखाउनसक्ने अवस्थामा पुगेको अग्रवाल बताउनुहुन्छ, "विभिन्न मुलुकसँग नेपालमा लगानी गर्नका लागि उनीहरुसँग कुरा गर्दा कन्ट्री रेटिङ नै नभएको भन्ने गर्थे । के आधारमा विश्वास गर्ने भन्ने प्रश्न उठ्थ्यो अहिले राम्रो नतिजा आएको छ । त्यसले सकारात्मक प्रभाव पर्छ", उहाँले भन्नुभयो, "उदाहरणका लागि नेपालले जलविद्युत् क्षेत्रमा सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट क्षमताका आयोजना निर्माण सम्पन्न गर्ने भनिएको छ । त्यसका लागि हाम्रो लगानी मात्रले कन्ट्री रेटिङ भएपछि अब विदेशी लगानी ल्याउनका लागि ।" विगतमा कन्ट्री रेटिङ नभएका कारण ठूला कम्पनी नेपालमा लगानी गर्न नचाहेको अग्रवाल बताउनुहुन्छ ।


दक्षिण एसियाली क्षेत्रका अन्य देशहरूको तुलनामा सन्तोषजनकस्तरको क्रेडिट रेटिङ नेपालले प्राप्त गरेको छ । यो नतिजाले सरकार, निजी क्षेत्र र सम्पूर्ण लगानीकर्तामा उत्साह थप्नु स्वाभाविक हो । पूर्व बैंकर अनलराज भट्टराईले नेपालले सार्वभौम साख मूल्याङ्कन गर्नु आफैँमा एक महत्वपूर्ण उपलब्धि र गौरवको विषय रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "नतिजा राम्रो वा नराम्रो आउँछ भन्ने कुराभन्दा पनि हामी क्रेडिट रेटिङ गराएको मुलुकमा पर्यौं, यो नै उपलब्धिको विषय हो । यसअघि हामी कुन अवस्थामा थियो भन्ने नै थाहा थिएन । तर अहिले हाम्रो अवस्था के हो भनेर देखिएको छ ।"

नेपालको क्रेडिट रेटिङको नतिजाले छोटो समयका लागि वित्तीय स्थायित्व कायम रहेको र लामो समयका लागि भने केही असहज अवस्था रहेको देखाएको भट्टराईले बताउनुभयो । त्यस्तै अब नेपालको अवस्थाबारे विश्वसमुदायलाई थाहा हुने र नेपालले पनि के कुरामा सुधार गर्नुपर्छ भनेर आफ्नो योजना बनाउनुपर्ने उहाँको बुझाइ छ । "अब हामीलाई कसैले मूल्याङ्कन गरिरहेको छ भनेर बुझ्नुपर्ने हुन्छ । रेटिङ एकपटक गरेपछि सकियो भन्ने होइन हाम्रो अवस्था सुधार गरेर अर्कोपटक गर्दा अहिलेकोभन्दा । राम्रो नतिजा आउन सक्छ", भट्टराई भन्नुहुन्छ, "कति समयमा मूल्याङ्कन गर्ने भन्ने सम्बन्धित मुलुकमा भरपर्छ ।"

नेपालले पछिल्ला वर्षमा कुनै पनि ऋण चुक्ता गर्न नसकेको (क्यापासिटी टु पे) वा गर्न नचाहेको (विलिङनेस टु पे) भन्ने नदेखिएकाले नेपालप्रति लगानीकर्ता विश्वस्त हुने आधार रहेको उहाँको बुझाइ छ । यद्यपि राजनीति अस्थिरताका कारण लगानीकर्ताले त्यस्तो जोखिमको शङ्का वा अनुमान गर्ने गरेको भट्टराईले बताउनुभयो ।

नेपालले आफ्नो कूल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्स बाहेक अरु क्षेत्रको योगदान बढाउँदै जानुपर्ने तथा निजी क्षेत्रले विदेशी मुद्रामा ऋण लिँदा वा लगानी भित्र्याउँदा त्यसको प्रतिफल विदेशी मुद्रामा पाइन्छ वा पाइँदैन भन्ने कुराको आँकलन गर्नुपर्ने उहाँको बुझाइ छ । उहाँ भन्नुहुन्छ, "निजी क्षेत्रले विदेशी मुद्रामा लगानी भित्र्याउँदा त्यसको प्रतिफल पनि विदेशी मुद्रामै जाने हो । त्यसका लागि निजी क्षेत्र सक्षम छ वा छैन भन्ने हेर्न जरुरी छ ।"

यसरी सार्वभौम क्रेडिट रेटिङले कुनै पनि देशको लगानी वातावरणको मूल्याङ्कन गर्ने महत्वपूर्ण आधार प्रदान गर्दछ भने प्राप्त क्रेडिट रेटिङले नेपालको साख क्षमता उच्च रहेको देखाएको छ । जसले गर्दा नेपालले अन्तर्राष्ट्रिय बजारबाट न्यून ब्याजदरमा ऋण प्राप्त गर्न सहज बनाउने सम्भावना बढेको छ । निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्ने सहयोग पुग्नुका साथै विदेशी लगानी आकर्षित गर्ने अवसर प्रदान गर्नेसमेत ठानिएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कोशी पीडितको समस्या समाधान प्रक्रिया

कोशी बाँध  पूर्वी नेपालको कोशी नदीमाथि बनाइएको बाँध  हो। यो नेपाल सीमा क्षेत्रमा नेपालको सप्तरी र सुनसरी जिल्लाको  बीचमा बनेको छ।  यो नेपालमा रहेतापनि सम्झौता अनुरुप सय वर्षसम्म भारतयि अधिकारीहरुद्वारा नियन्त्रित छ। तिब्बतबाट उत्पति भएको कोशी नेपालको सबैभन्दा ठूलो नदी मानिन्छ। कोशीलाई भारतमा बिहारको पीडा भनि नामकरण पनि गरिएको छ। कोशी सम्झौता भएको दशकौं भइसक्दा पनि सम्झौता अनुरुप नेपाली पक्षले पाउनु पर्ने मुआब्जा पाउन सकेका छैनन्। मुआब्जाका लागि संघर्षरत कोशी पीडितहरुको समस्या यथावत छ। कोशी सम्झौताबाट दुबै देश लाभान्वित भए पनि नेपाले आयोजना निर्माण र  विकासका क्षेत्रमा ठूलो क्षति बेहोनु परेको देखिन्छ। नेपाली भूमिमा आयोजनाको संरचना बनेका कारण हजारौं हेक्टर कृषि योग्य जमिन डुबान भइ तालमा परिणत छ। २०११ साल बैशाख १२ गते पुल र बाँध निर्माणका लागि नेपाल भारतबीच  १ सय ९९ वर्षे सम्झौता भएको थियो। नेपाल सरकारको तर्फबाट योजना, विकास तथा भूमि सुधार मन्त्री महावीर शमशेर र भारतको तर्फबाट योजनामन्त्री गुलजारीलाल नन्दाले सो सम्झौतामा हस्ताक्षर गरेका थिए। सोही अनुरुप सन् १९६४ मा कोशी बाँधको निर्माण पूरा भएको थियो। पुल र बाँध निर्माणका कारण सुनसरकिो चतरादेखि सप्तरीको कुनौली बोर्डरसम्म दुबै साइडको तटबन्ध भित्रपर्ने ४८ हजार ६ सय १५ विघा ३ कठ्ठा १७ धुर जग्गा कटान र डुबानमा परेको तथ्यांक छ। त्यसबापत पाउनु पर्ने मुआब्जा हालसम्म पनि नपाएको पीडितहरु बताउँछन्। पीडितलाई मुआब्जा दिने विषयमा पटक पटक छलफल भइसकेको छ। स्थानीय सरकारी सरकारी कार्यालयमार्फत माथिल्लो तहमा सिफारिस हुँदै आए पनि सार्थक पहल नहुँदा पीडितहरु थप पीडा भोगिरहेका छन्। विस २०१८ सालदेखिको खेतमा लगाइएको बालीको मुआब्जा दिने भनिए पनि अहिलेसम्म नदिएको उनीहरुको गुनासो छ। कोशी पीडितलाई २०१८ देखि २०२८ सालसम्मको बाली मुआब्जा दिने विषयमा भारतीय पक्षबाट पनि पहल हुँदै आएको बताइन्छ। स्थानीय स्तरका  सरकारी कार्यालयमार्फत भारत सरकारलाई पनि मुआब्जाका लागि सिफारिस भइसकेको छ। यसैबीच पटक पटक सिफारिसका आधारमा सरकारको ध्यानाकर्षण भएको छ। सरकारको निर्देशन अनुसार सम्पर्क कार्यालय भू आर्जन कार्यालय कोशी योजना विराटनगरले भारत बिहार राज्यको पटनामा रहेको जलसंशाधनलाई पत्राचार गरेको छ। पत्राचारमा नेपाल सरकारको उर्जा तथा सिंचाई मन्त्रालयको निर्देशनालय कोशी कटानमा परेको भूमिको प्रमाणीकरणमा छुट भएकाजग्गाको दुबै देशका संयुक्त प्राविधिक टोली  पठाउन गरेको अनुरोधले दशकौंदेखि मुआब्जाका लागि संघर्षरत पक्षका लागि आशाको संकेतका रुपमा लिन सकिन्छ। पीडितको समस्या समाधानको प्रक्रियालाई सार्थकता दिनु आवश्यक छ। मुआब्जा प्रक्रियालाई अन्योलमा नराखी  पुस्तौंदेखि संघर्षको पीडामा रहेकाहरुको समस्याको संवेदनशीलतालाई ग्रहण गरी पहलको खाँचो छ।

# बीआरआईमा नेपाल फस्ने कि चीन ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

प्रधानमन्त्री केपि ओली दुई सातापछि औंपचारिक कार्यक्रमअन्तर्गत चीनको भ्रमणमा जाँदै हुनुहुन्छ। प्रधानमन्त्री पदमा नियुक्त भएको चार महिनापछि पहिलो भ्रमण चीनको हुन लागेको हो। विगतको भ्रमणको तुलनामा प्रधानमन्त्री ओलीको लागि चीनको भ्रमण यसपल्ट, त्यति सहज नहुन सक्छ। चीनको महत्वाकाङक्षी 'बेल्ट एण्ड रोड इन्सिटिभ' (बीआरआई) परियोजना कार्यान्वयनका विषयमा सत्ता गठबन्धनमा एकमत हुन नसकेको अवस्था छ। अर्कोतर्फ, चीनले आफ्ना सो परियोजना कार्यान्वयनका लागि नेपालसँग सम्झौंता खोजेको छ। प्रधानमन्त्री ओलीप्रति चीन बढी आशावादी देखिन्छ। चीन उत्सुकता साथ पर्खिरहेका छन्  भने नेपाल अलमलको अवस्थामा छ। छिमेकी चीनलाई रिझाउन र आश्वस्त पार्नमा प्रधानमन्त्री ओली कति सफल रहनु हुनेछ, त्यो उनको बोल्ने शैली र कुटनीतिमा निर्भर गर्दछ। किनभने, यसपल्ट, चीनले ओलीमाथि बीआरआई परियोजनाको कार्यान्वयनको सन्दर्भमा दवाव सृजना गर्न सक्छन्। किनभने, नेपालले अवपनि बीआरआई परियोजना कार्यान्वयनका लागि सम्झौंता गरेन भने चीनको छविमा समेत असरपर्न सक्छ। छिमेकी नेपाल पश्चिमाको प्रभावमा परेको सन्देश प्रवाह हुनेछ। अर्कोतर्फ, बीआरआई परियोजनामार्फत चीन आफ्ना रकम ऋणमा दिने र ति मुलुकसँग आफ्ना उत्पादित वस्तुहरु सहजताका साथ विक्री गर्न खोजेको छ। यस किसिमले चीनलाई सो परियोजनामार्फत दुवैतर्फबाट फाइदा नै देखिन्छ।

चीनले सो परियोजनामार्फत नेपालमा लगानी गर्न चाहेको छ। तर, त्यो लगानी 'ऋण कि अनुदान' भन्ने विषयको अन्योलताको कारण सम्झौताको सात बर्ष वितिसक्दा पनि कार्यान्वयन हुन नसकेको हो। सन् २०१७मा पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा बीआरआई परियोजनाका लागि चीनसँग उनले सम्झौंता गरेका हुन्। सम्झौंता गर्ने बेलामा सो परियोजनाको कार्यान्वयन गर्दा लगानीको विषयमा निक्यौंल नगर्दा कार्यान्वयनको विषय उठ्दा नेपाल पन्छिर्दै आइरहेका छन्। चीन यसपल्ट, नेपाललाई उम्किन नदिने पक्षमा देखिएकाले नेपालको लागि ओलीको भ्रमण उपलब्धिमूलक हुने कि नयाँ विवाद सृजनागर्ने विषयमा तर्क विर्तक शुरु छ।

वितेको सात बर्षमा बीआरआई परियोजनाको सन्दर्भमा नेपालको दृष्टिकोण स्पष्ट हुनुपर्ने थियो। नेपालमा बीआरआई परियोजना कार्यान्वयनपछि दीर्घकालीन असरको सम्बन्धमा विज्ञका साथै दलहरुसँग गम्भीर रुपमा छलफल गरी एकमत भएर निर्णय गर्नुपर्ने थियो। तर, त्यसरी गरेको देखिएन्। भारत वा अन्य प्रजातान्त्रिक मुलुकसँग कुनै प्रकारको सम्झौंता हुँदा त्यसको दस्तावेज सार्वजनिक गर्न  आवाज संसददेखि सडकसम्म उठ्ने गरिन्छ। तर, चीनको विषयमा नेपालको बौंद्धिकवर्ग खासै प्रतिक्रिया दिंदैन्। यसलाई दुई किसिमले अर्थ्याउन सकिन्छ। पहिलो चीनमाथि अति आत्मविश्वास हुनु। अर्को, चीनमाथि आशङ्का गर्नका लागि पनि आँट नहुनु। जे भएपनि, बीआरआई सम्झौंताको सात बर्षको अवधिमा कुनै दल वा नागरिक समाजले दस्तावेज सार्वजनिक गर्न जोडदार रुपमा आवाज उठाएन्। अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनको सम्झौंताको दस्तावेज वेवसाइटमा राखिएको छ। मिलेनियमको बारेमा धेरै होहल्ला गर्नेहरु बीआरआई परियोजना सार्वजनिक गर्नुपर्ने विषयमा कुनै प्रतिक्रिया सार्वजनिक गरेन्। यस विषयमा संसदमा छलफल हुनुपर्ने थियो। बीआरआई परियोजनाको वास्तविकताबारे अधिकांस प्रबुद्धवर्ग नै अनभिज्ञ छन्।

प्रधानमन्त्री ओलीको इच्छा बीआरआई परियोजना कार्यान्वयनका लागि सम्झौंता पक्षमा बुझिन्छ। तर, काँग्रेसले बीआरआई परियोजना पूर्ण अनुदानमा हुनुपर्ने विगतको अडानलाई दोहराउँदै आइरहेका छन्। माओवादी केन्द्रका नेता एवम् पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बीआरआई परियोजना कार्यान्वयनका लागि सम्झौंता गर्नुपर्ने तर्क दिइरहेका छन्। काँग्रेसका प्रवक्ता एवम् परराष्ट्रमन्त्री प्रकाशशरण महतले विगतमा चीनले गरेको प्रतिबद्धता अनुदानको रुपमा कार्यान्वयन गर्नुपर्ने विषयमा जोड दिंदै आइरहेका छन्।


नेपालले पोखरामा चीनको ऋण सहयोगमा निर्माण गरिएका अन्तर्राष्ट्रिय विमानस्थलको ऋणलाई अनुदानमा परिणतका लागि चीनसमक्ष प्रस्ताव राख्ने प्रवल सम्भावना छ। चीनले सो ऋण अनुदानमा परिणत नगरे नेपालको लागि टाउको दुखाइ बन्ने खतरा छ। चीनको एक्जिम बैङ्कबाट दुई लाख १५ हजार ९६५ मिलियन डालर अर्थात, २८ अर्ब रुपैयाँ ऋण लिएर निर्माण गरिएको हो। १.७५ देखि २ प्रतिशत ब्याँज तिर्नुपर्ने हुन्छ। सातबर्षसम्म कुनै भुक्तानी दिनु नपर्ने, त्यसपछि, २० बर्षमा सवै रकम ब्याँजसहित तिर्नुपर्ने हुन्छ। नेपाललाई कूल ऋणमध्ये २५ प्रतिशत ऋणमा मात्र ब्याँज मिनाहा छ। सो विमानस्थलले आम्दानी गर्न नसकेको अवस्थामा ऋण चुक्ताका लागि मुलुकको अर्थतन्त्रमा नकारात्मक असर पर्ने खतरा छ। २०२२ सालमा निर्माण भएपछि उद्घाटनको क्रममा चीनले बीआरआईमार्फत सो विमानस्थल निर्माण भएको घोषणा गरेपछि नेपाली पक्ष हत्तप्रभ भएका थिए।  त्यस सन्दर्भमा संसदमा जवाफ दिंदै तत्कालीन विदेशमन्त्री नारायणप्रकाश साउदले विमानस्थलको निर्माण सो परियोजनाअन्तर्गत निर्माण नभएको स्पष्ट पार्नु भएको थियो।

चीनमा उत्पादित वस्तुहरु बीआरआई मार्गबाट आयात निर्यात हुनेछ। चीनको व्यापारमा गुणात्मक रुपमा बृद्धि हुनुका साथै अन्य मुलुकमा चीनको व्यापारिक एवम् सामरिक प्रभावमा बढोत्तरी हुनेछ। नेपालले ऋण लिएर ठूल्ठुला परियोजना निर्माण गर्ने, कुनै कारणवश, समयमै ऋण चुक्ता गर्न  सकेन् भने अन्ततः ऋणको चक्रब्यूँहमा फस्ने खतरा  छ। त्यसकारण, नेपालले सो परियोजनाअन्तर्गत  योजना सञ्चालन गर्दा  चीन सरकारले अनुदानमा गर्नुपर्ने विषयमा अडान लिएका छन्। नेपालले सन् २०१७ सालमै सो परियोजनाको सम्झौंता गरेपनि कार्यान्वयन नगर्दा चीनले पटक पटक असन्तुष्टि प्रकट गरेका छन्। राष्ट्रिय हितलाई सर्वोपरी ठान्यो भने अहिलेको अवस्थामा सो परियोजना नेपालको हितमा छ जस्तो लाग्दैन्।

नेपालले अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनको लागि सम्झौंता गरी कार्यान्वयनमा ल्याइसकेका छन्। कतै, नेपाल पश्चिमा मुलुक र अमेरिकाको दवावमा परेर बीआरआई परियोजना कार्यान्वयनमा आनाकानी गरिरहेको त होइन भन्ने चीनको बुझाई हुन सक्छ।

पहाडमा रेल मार्ग निर्माण तराईको तुलनामा दोब्बर, तेब्बरभन्दा बढी लागतमा हुनेछ। खर्बो रुपैयाँको ऋण लिएर निर्माण गरेपछि मुलुक ऋणमैं चुर्लुम्म डुब्यो भने श्रीलङ्काजस्तै हविगत हुन बेर लाग्दैन्।  श्रीलङ्काले चीनको ऋण चुक्ता गर्न नसकेपछि हेवनटोटा बन्दरगाह ९९ बर्षको लागि चीनलाई सुर्पुदगी गर्नु पऱ्यो। चीनको ऋण लिएर एक दर्जनभन्दा बढी मुलुकको आर्थिक अवस्था टाट पल्टिने अवस्थामा पुगेको छ।

सन् २०१३ अक्टोबर ३मा बेल्ट एण्ड रोड इन्सिटिभ (बीआर आई) चिनियाँ राष्ट्रपति सि जिङपिङले घोषणा गरेका थिए।  विश्वलाई एक क्षेत्र एक सडकको माध्यमबाट जोड्ने लक्ष्य लिएर सो परियोजनाको छ।  विशाल लक्ष्य र उद्देश्य बोकेको यस परियोजनाले मुख्य पाँच वटा विषयलाई समेटेको छ। नीतिगत समन्वय, रेलवे र राजमार्ग निर्माण, खुल्ला व्यापार, आर्थिक समन्वय र जनतासँग जोडिने विषयलाई मुख्य आधारको रुपमा लिएको छ। चीनको २० वटा मुलुकसँग सिमाना जोडिएको छ।



आर्थिक र सामरिक रुपमा ठूलो महत्व राख्ने चीनले उत्पादन गरेका वस्तुहरु विश्वसम्म पुऱ्याउनका लागि बीआरआइ परियोजनालाई प्रमुखताका साथ अगाडि बढाउन प्रयत्नशील छ।

हुन त, नेपालले हस्ताक्षर गरेको बीआरआई परियोजनाको नेपालमा कार्यान्वयनमा चूनौंति देखापर्नुको पछाडि भारत र पश्चिमा देशहरुको प्रतिरोध नै मुख्य कारक रहेको चिनीयाँ विज्ञहरुको ठम्याई छ। अर्कोतर्फ, नेपालको राजनीतिक अस्थिरता र चीनको सो परियोजनाको सन्दर्भमा अस्पष्ट नीतिपनि मुख्य कारक रहेको देखिन्छ। बीआरआई परियोजनाले उब्जाएका अविश्वासको समाधान हुनु आवश्यक छ।  चीनका राष्ट्रपति सी जीनपिङ्ले सन् २०१९मा नेपाल भ्रमण गर्दा तिब्बतबाट काठमाडौं हुँदै लुम्बिनीसम्म रेलवे निर्माणगर्ने प्रतिबद्धता जनाएका थिए। यसपल्ट, ओलीको चीन भ्रमणको क्रममा सहमति र छलफलका लागि चीनले बीआरआईअन्तर्गत कम्तीमा चार परियोजनामा सहयोगगर्ने इच्छासहित केही दिनअघि नेपालको परराष्ट्र मन्त्रालयमा पठाइएको थियो। चीनले टोखा-खहरे सुरुङमार्ग, रसुवागढी-काठमाडौं सडक स्तरोन्नति, कोरला नाकामा सुख्खा बन्दरगाह र एक जलविद्युत परियोजनामा लगानीगर्ने इच्छा राखेको छ।

नेपालमा पनि संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनअन्तर्गत विद्युतीय प्रशारण लाइन निर्माणका लागि ६० अर्ब रुपैयाँभन्दा बढी अनुदान पाएका हुन्। उक्त कार्पोरेशनसँग सम्झौंता नेपालमा व्यापक विरोध भएको थियो। अव, नेपालमा अमेरिकन सेना आउने भनेर हल्ला फिँजाइएको थियो। नेपाललाई भारतको प्रधानमन्त्री मोदीको नीतिजस्तै 'नीति' अपनाउनु पर्छ। रुस-युक्रेनबीच युद्धमा अमेरिकाले रुसमाथि नाकाबन्दीको घोषणा गरेकोछ। तर, भारतले पेट्रोलियम पदार्थ रुसबाट झिकाउने कार्यलाई निरन्तर रुपमा जारी राखे। अमेरिकाले कडा प्रतिक्रिया दिंदा मोदीले भारतीय जनताको हित नै मेरोलागि सर्वोपरी हो। ' को रिसाउँछ ? को खुशी हुन्छ ?' भन्ने सम्बन्धमा सोच्नुभन्दा  देश र जनता कसरी लाभान्वित हुने विषयलाई नै प्रमुखता दिनुपर्छ। भारत र चीनलाई खुशी पार्नुको सट्टा आफ्नो जनतालाई कसरी खुशी पार्ने विषयमा राष्ट्रको नेतृत्वकर्तालाई गम्भीर भएर सोच्नु पर्दछ।

विगत दस बर्षमा सो परियोजनाले पूर्वाधारमा केन्द्रीत रहने आफ्नो  अवधारणालाई डिजिटल प्रविधि,सुरक्षा र दिगो विकासजस्ता क्षेत्रहरुमा विस्तार गरेको छ। अधिकारिक तथ्याङ्कअनुसार, चीनले तीन हजार बढी योजना सो परियोजनामार्फत लगानी गरेको छ। त्यसरी ,लगानी गर्ने राष्ट्रहरुमा इन्डोनेशिया, पाकिस्तान, सिङ्गापुर, रुस, साउदी अरब, मलेशिया, युनाइटेड अबर इमिरेट्स, बाङ्गलादेश, पेरु, लाओस, इटली, नाइजिरिया, इराक, अर्जेन्टिना र चीलीरहेको अमेरिकन इन्टरप्राइज इन्स्टिच्यूटले सार्वजनिक गरेको हो।

एशियन इन्फ्रास्टक्चर इन्भेस्टमेन्ट बैङ्क र सिल्करोड फन्डको सहभागितामा आर्थिक परिचालन गरी अगाडि बढाइने सो परियोजनामा सवै छिमेकीलाई उद्देश्यअन्तर्गत सन् २०१४मा नेपालले सो परियोजनाप्रति सैद्धान्तिक सहमति जनाएको हो। सन् २०१६ मार्च २१मा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्ट हुँदै सन् २०१७ मे १२ मा नेपालले बीआरआई परियोजनामा हस्ताक्षर गऱ्यो। नेपाल भुपरिवेष्ठित राष्ट्र भएकाले सो परियोजनामार्फत पूर्ण अनुदानमा रेलमार्ग निर्माण गऱ्यो भने परियोजना लाभदायक हुनेछ।

यदि, नेपालले सामान्य ऋणमा लिएर बीआरआई परियोजनाअन्तर्गत ठूल्ठुला योजनाहरु निर्माण गऱ्यो भने नेपाल ऋण तिर्दातिर्दै चुर्लुम्म डुब्ने खतरा छ। किनकी, चीनले हिमाली र पहाडी भूभाग हुँदै तराईसम्म सडक सञ्जाल र रेलसेवा निर्माण गर्न खोज्छन्। यी धेरै खर्चिलो योजना हो। नेपाल ऋणको चक्रब्यूँहमा फस्न नदिनका लागि अनुदानमैं त्यस्ता खर्चिला योजनाहरुको निर्माण गर्नुपर्ने अडान राख्नुपर्छ।

ओलीको पहिलो प्राथमिकतामा चीन परेको छ। हुन त, नेपालमा संविधान जारी हुने बेलामैं भारतसँग नेपालको सम्बन्ध चिसिँएको थियो। खासगरी,ओलीप्रति भारतको दृष्टिकोण नकारात्मक रहेको सुनिन्छ।  सोही सन्दर्भमा पूर्वप्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री केपि शर्मा, ओलीले चीन भ्रमण 'चाइना कार्ड'को रुपमा प्रयोग गरिरहेको आरोप लगाएपछि एमालेले कडा आपत्ति जनाएको छ।  केही दिनअघि, एक भारतीय पत्रिकासँग अन्तरर्वार्तामा प्रचण्डले भने, 'पहिले चीन जानु भनेको अपरिपक्वताको प्रमाणलगायत गम्भीर कुराहरु उठाएका थिए। यस सन्दर्भमा एमाले पार्टी आक्रोसित स्वभाविक नै थियो। प्रधानमन्त्री ओलीले आफू चीनबाट फर्केपछि लगत्तै भारतको भ्रमणगर्ने स्पष्ट पार्नु भएको छ। ओली चीनबाट फर्कनासाथ भारत भ्रमणमा गयो भने चीनमा के के कुरा भयो भनेर मोदीलाई सुनाउनकै लागि भ्रमण हुन लागेको भनेर राजनीतिवृतमा नयाँ हलचल शुरु हुनेछ।  'इतिश्री'

# लोकतन्त्रलाई बलियो बनाउन जागरणसभा



**प्रकाश सिलवाल**

महात्मागान्धीले कुनैबेला भनेका थिए, "लोकतन्त्रलाई प्रभावकारी बनाउन वास्तवमा तथ्यको ज्ञान होइन, सही शिक्षा चाहिन्छ।" पक्कै पनि लोकतन्त्रलाई बलियो बनाउने अजेय शक्ति नागरिकमा हुन्छ। त्यसलाई जागृत गराउन ज्ञानका साथै सही शिक्षा आवश्यक हुन्छ। त्यस शिक्षाले कर्तव्यबोधको जागरण गराउँछ।

विश्वव्यापी मान्यता नै हो-लोकतन्त्रमा कानुनका दृष्टिमा सबै नागरिक बराबर हुन्छन्। राज्यको शक्तिमा सबैको समान पहुँच हुन्छ। यस पद्धतिमा सबै नागरिकले वैधानिक स्वतन्त्रतालाई उपभोग गर्न पाउँछन्। स्वतन्त्रताको उपभोग गर्न पाउने व्यवस्था संविधानमा तोकिएको हुन्छ। लामो आन्दोलन र सङ्घर्षपछि जननिर्वाचित संविधानसभााबाट जारी भएको नेपालको संविधानले समानता र स्वतन्त्रतालाई मौलिक हकमा समाविष्ट गरेको छ।

प्रतिनिधिमूलक लोकतन्त्रमा शासनको दायित्व जनताद्वारा निर्वाचित प्रतिनिधिले निर्वाह गरिहेको हुन्छ। नागरिकमा रहेको समानता र स्वतन्त्रताको हकलाई संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व हो। मानता र स्वतन्त्रताको जगमा रहने लोकतन्त्र वा प्रजातन्त्र उत्तरदायित्व र जवाफदेहीताबाट पनि सजिएको हुन्छ। नागरिकका हक, अधिकार र उत्तरदायित्व तथा सरकारका काम एवं जवाफदेहीतामा आमरुपमा कसरी ज्ञान, सूचना र शिक्षा प्रवाह भइरहेको हुन्छ

अहिले संविधान र लोकतान्त्रिक गणतन्त्रका विरोधी शक्तिहरु यस संविधान र व्यवस्थालाई बदनाम गराउन लागेका छन्, त्यसको कारणमा बाह्य र आन्तरिक पक्षहरु होलान् तर देशका जिम्मेवार दलहरुले यस्ता विषयमा मौन बस्न मिल्दैन। उनीहरु सत्ताको जिम्मेवारीमा रहे पनि, नरहे पनि जनतालाई सेवा र सुशासन दिने दायित्वका साथै जनतालाई भड्काउन भइरहेका अराजक गतिविधिप्रति सचेत गराउन निरन्तर लाग्नुपर्छ। अराजक एवं कानुन विपरीतका गतिविधि नियन्त्रण गर्न सरकारलाई साथ दिनुपर्छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले २९ भदौ २०८१ मा नेकपा (एमाले)को जनसङ्गठनहरुको राष्ट्रियस्तरको भेलामा अहिले जसरी संविधानविरुद्ध लागेका छन्, त्यसरी नै यति खुलेआम संविधानविरुद्ध सायद यसभन्दा पहिला लागेका थिएनन् भनेर त्यसै भन्नुभएको छैन। "सामन्ती, निरंकुश र अधिनायकवादी राजतन्त्रको पक्षमा यसरी मान्छे बेसरम उफ्रिएको पहिले पहिले मैले देखेको थिइन। राजतन्त्र हुँदा पनि केही केही पञ्चहरु जम्मा हुन्थे र कराउँथे तर, त्यो एउटा औपचारिक कराइ हुन्थ्यो। अहिले त्योभन्दा बढी पदधारी होइन, आशाधारीहरु कराइराखेका छन्। पहिले राजतन्त्र हुँदा पदधारीहरु कराउँथे, अहिले पदधारी होइन, वर्तमानमा केही पाएका होइन कि आशाधारीहरु कराएका छन्। त्यसो भएर नेपाललाई एउटा गणतान्त्रिक देश रहन नदिने, नेपालमा शान्ति, सुव्यवस्था, 'ल एण्ड अर्डर' कायम रहन नदिने, सुशासनको एउटा व्यवस्थित मार्ग समातेको देशको रुपमा नेपाललाई अगाडि बढ्न नदिने प्रयासहरु भइराखेका छन्।" प्रधानमन्त्री एवं एमालेका अध्यक्ष ओलीका यस्ता गम्भीर चिन्तालाई मनन् गरेर एमालेको काठमाडौं उपत्यकास्थित जिल्लाका कमिटीले ७ मङ्सिर, २०८१ का लागि काठमाडौंको दरबारमार्गमा जागरणसभा तय गरेका छन्।

यतिबेला एमाले र यसको नेतृत्वका विरुद्धमा अनेकखाले अनर्गल, भ्रमपूर्ण, प्रायोजित समाचारहरु सम्पेषण गरी पार्टी, यसको नेतृत्व र नीतिमाथि चौतर्फी हमला गर्ने प्रयास भइरहेको छ। विधिको शासनविपरीत विभिन्न स्वार्थी समूह र व्यक्तिका नाममा अस्थिरता र अराजकता सिर्जना गरी हाम्रो स्थापित लोकतान्त्रिक विधि, पद्धति, सुशासनका पक्षमा भएका न्यायिक छानबिन, अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियालाई आआफ्ना पक्षमा पार्ने धुमिल कोसिस भइरहेका छन्। र, कालान्तरमा व्यवस्थाका विरुद्ध नै धावा बोल्ने दुष्प्रयत्न भइरहेको छ।




नेपाली जनताको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई सफल हुनै नदिने भनेर लागेका कतिपय शक्तिहरुलाई सबै माध्यमबाट खबरदारी गर्नुपर्ने अवस्था त्यसै आएको होइन। यो विशेष अवस्था हो। कोही लहलहैमा लागेर पनि अराजकता मच्याउन तम्सिएका हुन् सक्छन्, त्यस्ताहरुलाई लागि खबरदारी झनै आवश्यक छ। उनीहरुमा जागरण सिर्जना गरेर सबैलाई देश विकासको मूलधारमा हिँडाउन अत्यावश्यक छ। राजनीतिका नाममा झुट, भ्रम, षड्यन्त्र र तिकडमको सहारा होइन, इमान, नैतिकता, स्वच्छता र देशको स्वाधीनताका पक्षमा सुस्पष्ट हुनुपर्छ भन्ने अठोटलाई पनि जागरणसभाले थप बोध गराउनेछ।

सत्य कुरालाई रोक्ने र असत्यलाई बढावा दिने तथा असत्यको डम्फु बजाउनेहरुलाई कुनै मेहनत र काम गर्नु पर्दैन। उनीहरुले कामको निन्दा गरे पुग्छ। सरकार र नेतृत्वको विरोध गरे पुग्छ। कामको उल्टो प्रचार गरिदिने काम गरेर आफू चर्चामा आउने गलत नियम उनीहरुमा रहेको हुन्छ। सडक बाटो बनेन भने किन बनाएन भन्ने र बन्यो भने भ्रष्टाचार गर्न बनाएको हो, जनताका लागि बनाएको होइन भनेर कुप्रचार गर्नेहरु पनि समाजमा छन्। एउटाले बनाएको छ भने अर्कैले बनाएको हो भनेर भ्रम फैलाउनेहरु पनि छन्।

यस अवस्थामा एमालेले राजनीतिक अस्थिरता र अराजकताका विरुद्ध, विधिको शासन र कानुनी राज्यका पक्षमा जनमत निर्माण गर्न, गौरवशाली इतिहास, सही र सक्षम नेतृत्व, क्रान्तिकारी विचार, अग्रगामी सोच र स्पष्ट गन्तव्यलाई प्रष्ट पार्न, वर्तमान संयुक्त सरकारले गरेका काम, उपलब्धि र आगामी योजनाका बारेमा जनतालाई स्पष्ट गर्न, सुशासन, विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व कायम गर्न, संवैधानिक, कानुनी र संरचनागत सुधारको प्रक्रिया अघि बढाउन आवश्यक छ। यही मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनमा आफ्नो पार्टीका पक्षमा जनमत निर्माण गर्न पनि जागरणसभा तय गरेको देखिएको छ।

लोकतान्त्रिक प्रतिस्पर्धामा विश्वास गर्ने एउटा जिम्मेवार पार्टीले सरकारमा हुँदा वा नहुँदा पनि जनतासँग जोडिने यस्ता खालका कार्यक्रम गर्न सक्छ। सरकारकै नेतृत्वमा रहेको पार्टीले सडकमा शक्ति प्रदर्शन गर्न लाग्यो भनेर पनि कतिपय विश्लेषण आएको छ, त्यस्तो होइन। यो सरकारकै राम्रा कामबारे स्पष्ट पार्न र सरकार तथा देश बनाउने मुख्य दलका साझा ध्येयलाई सघाउने जागरणसभा हो। अराजकताविरुद्ध र विधिका पक्षको जागरणसभा हो।

केही दिनअघि आयोजना गरिएको सम्पादकहरूसँगको भेटघाटका क्रममा एमालेका उपमहासचिव प्रदीपकुमार ज्ञवालीले प्रजातन्त्रको पुनःस्थापनापछि सडक सञ्जाल, शिक्षा, स्वास्थ्य, सञ्चारलगायतका सबै क्षेत्रमा उल्लेख्य प्रगति भएको जनाउँदै लोकतन्त्र स्थापनापछि मुलुकमा भएका राम्रा कामको प्रचारप्रसार गरी फैलाइएका भ्रम र हल्ला चिर्नुपर्ने दायित्व अहिले मुलुकका जिम्मेवार राजनीतिक पार्टी, नागरिक समाज र आमजनताको काँधमा आएको कुरा स्पष्ट पारिसक्नुभएको छ। उहाँले भन्नुभएको थियो, "पछिल्लो समय मुलुकमा अराजकता र अस्थिरता चाहने पक्षधर योजनाबद्ध रूपमा लोकतन्त्र समाप्त पार्ने गतिविधिमा सरिक भएको देखिन्छ, लोकतन्त्र र विधिको शासनको विकल्प छैन, लोकतन्त्र, राजनीतिक स्थिरता र सुशासनका पक्षमा एक ठाउँमा उभिन आवश्यक छ।"

गौरवशाली इतिहास, सही र सक्षम नेतृत्व, क्रान्तिकारी विचार, अग्रगामी सोच र स्पष्ट गन्तव्यसहित एमालेले मुलुकको राष्ट्रिय हित, स्वाभिमान र स्वाधीनताको पक्षपोषण गर्दै राजनीतिक स्थायित्व, लोकतान्त्रिक पद्धति, विधिको शासन र कानुनी राजको पक्षमा आफ्नो दृढता प्रस्तुत गर्दै आएको छ। सुशासन, विकास र समृद्धिलाई मुख्य आधार बनाएर 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्दै समाजवादको आधार निर्माण गर्नुलाई यसले मुख्य उद्देश्य लिँदै आएको छ।

नेपाल राष्ट्रको पुनःनिर्माण, स्वतन्त्रता, सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान र अखण्डताको रक्षा तथा जनताको विकास र समृद्धिका लागि एमाले अविचलित देखिन्छ। एमाले नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रतिनिधि संस्था मात्र होइन, प्रमुख राष्ट्रिय शक्तिका रुपमा स्थापित छ। यसलाई प्रमुख निर्णायक राष्ट्रिय शक्तिका रुपमा स्थापित गर्ने उसको लक्ष्य छ। जनबल र जनसमर्थनका आधारमा राष्ट्र र जनताको नेतृत्व गर्दै स्वाधीन, समृद्ध, समुन्नत एवं समाजवादोन्मुख नेपाल राष्ट्रको निर्माणको उद्देश्य पूरा गर्न एमाले दृढ सङ्कल्पित देखिन्छ।

# आइपिटिपी बैठकमा सहभागी हुन सभामुख घिमिरे कम्बोडियामा



काठमाण्डु । सभामुख देवराज घिमिरे सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद (आइपिटिपी) को एघारौं बैठकमा सहभागी हुन पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कम्बोडिया पुग्नुभएको छ।

उहाँलाई कम्बोडियाको नोम पेन्ह अन्तर्राष्ट्रिय विमानस्थलमा त्यहाँको संसद्का उच्च अधिकारीले स्वागत गर्नुभएको सभामुख घिमिरेका प्रेस विज्ञ शेखर अधिकारीले जानकारी दिनुभयो।

सभामुख घिमिरे यही मङ्सिर ८ देखि ११ गतेसम्म कम्बोडियाको राजधानी नोम पेन्हमा आयोजना हुने कार्यक्रममा सहभागी हुन नेपाली प्रतिनिधिमण्डल नेतृत्व गर्दै शुक्रबार राति त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । प्रतिनिधिमण्डलमा प्रतिनिधिसभा सदस्य ईश्वरबहादुर रिजाल, सभामुखका प्रमुख स्वकीय सचिव तेज प्रकाश भट्टराई र सङ्घीय संसद् सचिवालयका उपसचिव गोपाल सिग्देल हुनुहुन्छ। कम्बोडियामामा नै रहनुभएका प्रतिनिधिसभा सदस्य एकनाथ ढकाल पनि बैठकमा सहभागी हुने कार्यक्रम छ । ‘शान्ति, मेलमिलाप र सहिष्णुताको खोज’ भन्ने मूल विषयसँगै शान्ति निर्माण, मेलमिलाप र सहिष्णुताको संरचना निर्माणमा सरकार, संसद् र नागरिक समाजबीचको समन्वय एवं सहअस्तित्व र समावेशी सम्बन्धका लागि बहुपक्षीयता र साझेदारीलाई सुदृढ बनाउने विषयमा आइपिटिपीमा छलफल हुने जनाइएको छ।

सभामुख घिमिरेले बैठकमा नेपालको संसद्का तर्फबाट सम्बोधन गर्ने सङ्घीय संसद् सचिवालयले जनाएको छ । भ्रमणका अवसरमा सभामुखले कम्बोडिया, संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, भियतनाम र लाओसका प्रतिनिधिमण्डलसँग भेटवार्ता गर्नुहुने कार्यक्रमसमेत रहेको छ । सभामुख नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर ११ गते स्वदेश फर्कने कार्यक्रम छ ।रासस

# विशेष अदालतको फैसलामा चित्त नबुझेको भन्दै आयोगले गऱ्यो सर्वोच्चमा पुनरावेदन




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मुद्दाका प्रतिवादीविरुद्ध विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

आयोगले प्रतिवादी भूषण झा, भिमबहादुर रोकाया, दलबहादुर बुढा, सुष्मा कार्की भण्डारीविरुद्ध दायर गरेको मुद्दामा विशेष अदालतले विसं २०८० फागुन १८ गते सफाइ दिएको थियो। विशेष अदालतले गरेको उक्त फैसलामा आयोगले चित्त नबुझाई आयोगले शुक्रबार सर्वोच्च अदालतमा मुद्दा दायर गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो।

त्यस्तै, आयोगले घनश्याम दुवे, ठाकुरप्रसाद गुरौला, शक्तिप्रसाद सापकोटा, पुष्पा सापकोटाविरुद्ध विशेषमा दायर गरेको मुद्दामा सफाइ दिएको थियो। झुट्ठा सरुवा पत्रका आधारमा शिक्षक कायम गरी भ्रष्टाचार गरेको अभियोगमा मनकाकुमारी अवस्थी, नरबहादुर कुँवर, जयराज जोशीको मुद्दामा पनि विशेषले सफाइ दिएको थियो। सो मुद्दामा आयोगले पुनः पुनरावेदन गरेको छ।

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको अभियोगमा आयोगले दायर गरेको मुद्दामा चन्द्रसिंह लामा, सङ्गीता चौलागाई, माधवप्रसाद चौलागाईंलाई पनि विशेष अदालतले सफाइ दिएको थियो।

निजहरुलाई गत जेठ २३ गते दिइएको सफाइ चित्त नबुझेको भन्दै आयोगले शुक्रबार सर्वोच्च अदालतमा मुद्दा दायर गरेको हो।

आयोगले सम्राटबहादुर शाहविरुद्ध दायर गरेको मुद्दामा विशेष अदालतले गत मङ्सिर ७ गते सफाइ दिएको थियो । प्रतिवादी महेश सिंह कठायत समेतको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझेको भन्दै शुक्रबार पुनरावेदन गरेको छ।

त्यस्तै, प्रतिवादी विनोदकुमार यादवविरुद्ध गलत प्रतिवेदन तयार पारी भ्रष्टाचार गरेको अभियोगमा दायर भएको मुद्दामा समेत विशेषले विसं २०८० फागुन ६ गते सफाइ दिएको थियो । सो फैसलामा समेत चित्त नबुझाई पुनरावेदन गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो ।प्रतिवादी परशुराम अधिकारी, सीताराम पोखरेल, ताराप्रसाद जोशी र प्रसाराम भुसाल, भक्तरत्न तुलाधर, शशी तुलाधर, रानु तुलाधर र दिव्य तुलाधरविरुद्ध दायर भएको मुद्दामा २०८० माघ ७ गते सफाइ दिएको थियो। सो फैसलाविरुद्ध आयोग शुक्रबार सर्वोच्च अदालत पुगेको हो।

प्रतिवादी नारायणप्रसाद पौडेल लगायतको मुद्दामा समेत विशेषले गत मङ्सिर ७ मा सफाइ दिएको थियो । सो मुद्दामा पनि आयोगले शुक्रबार सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो । यस्तै, सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको अभियोगमा केशवप्रसाद आचार्य, लोकेन्द्र कार्की, विशाल सुन्दास, माधवप्रसाद, पुष्पराज सिग्देल विरुद्धको मुद्दामा पनि विशेषले विसं २०८० पुस १८ गते सफाइ दिएको थियो।

सो सफाइमा चित्त नबुझेको भन्दै आयोगले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको हो।

ज्यान कसुर मुद्दामा मृतकको नजिकको हकदारले पाउनुपर्ने क्षतिपूर्ति लगायतका मुद्दामा सहजीकरण गरिदिने भन्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीमा कार्यरत नायब सुब्बा अशोककुमार यादवले र २० हजार घूस लिएको अभियोगमा शुक्रबार पक्राउ गरेको हो ।आयोगको महोत्तरी कार्यालयबाट गएको टोलीले नासु यादवलाई जिल्ला प्रशासन कार्यालय परिसरबाट पक्राउ गरेको हो । आरोपी यादवमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।रासस

## केन्द्रीय बैङ्कको अध्ययनः

# गण्डकीमा कृषि भूमि घट्यो



काठमाण्डु । गण्डकी प्रदेशमा कृषि क्षेत्र क्रमशः घट्दै गएको नेपाल राष्ट्र बैङ्कले गरेको एक अध्ययनमा पाइएको छ । केन्द्रीय बैङ्कले शुक्रबार सार्वजनिक गरेको ‘वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन २०८०/८१’ मा गण्डकी प्रदेशका ११ जिल्लामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिब सात दशमलव सात प्रतिशतले घटेको उल्लेख छ।

अध्ययनअनुसार सो प्रदेशमा चार लाख लाख ३७ हजार नौ सय ७२ हेक्टर मात्रै कृषि बालीले ढाकेको क्षेत्र रहेको उल्लेख छ।

त्यसमा तरकारीखेतीले ढाकेको क्षेत्रफल भने दुई दशमलव शून्य सात प्रतिशतले वृद्धि भएको छ। अत्याधुनिक खेती प्रणालीका कारण उत्पादनमा केही बढोत्तरी भएको अध्ययनले देखाएको छ । त्यस्तै, मसला, फलफूलखेती र खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफल क्रमशः शून्य दशमलव ४१ प्रतिशत, आठ दशमलव २३ प्रतिशत र आठ दशमलव ३८ प्रतिशतले कमी आएको छ।

प्रमुख कृषि बालीको उत्पादनमा भने चार दशमलव ७७ प्रतिशतले वृद्धि भएको उक्त अध्ययनमा उल्लेख छ । खाद्य तथा अन्य बालीको उत्पादनमा चार दशमलव ७१ प्रतिशत, तरकारी उत्पादनमा पाँच दशमलव ४४ प्रतिशत, फलफूल उत्पादनमा तीन दशमलव ८० प्रतिशत र मसला उत्पादनमा चार दशमलव ५२ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा वर्षमा पशुजन्य उत्पादनतर्फ दूधको उत्पादन तीन दशमलव ३८ प्रतिशत, अण्डाको उत्पादन १५ दशमलव २९ प्रतिशत र मासुको उत्पादन एक प्रतिशतले ह्रास आएको छभने माछाको उत्पादनमा चार दशमलव ९९ प्रतिशतले वृद्धि भएको छ।

वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा २६ दशमलव १९ प्रतिशतले वृद्धि भएको छभने दाउरा उत्पादनमा तीन दशमलव १४ प्रतिशतले कमी आएको छ। सो प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु २८ अर्ब ४० करोड कर्जा लगानी गरेका छन् । यो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको आठ दशमलव १४ प्रतिशत रहेको छ।

त्यस्तै, अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ३९.२ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात ४२ दशमलव चार प्रतिशत रहेको थियो । सिमेन्ट, औषधि, बिस्कुट, प्रशोधित दूध, तोरीको तेल र चुर ोटको उत्पादनमा वृद्धि भएको छभने इँटा, चकलेट, चाउचाउ, ड्राई सिरप औषधि, वियर, ट्याब्लेट औषधि, तरल औषधि र क्याप्सुल औषधिको उत्पादनमा कमी भएको छ।

बैङ्क तथा वित्तीय संस्थाहरुले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको आठ दशमलव ८८ प्रतिशत अर्थात् रु ३१ अर्ब एक करोड कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन्। सो प्रदेशमा पर्यटक आगमनको स॓ख्या छ दशमलव एक प्रतिशतले वृद्धि भई ५५ हजार एक सय ४९ रहेको छ । त्यस्तै होटलको शयया स॓ख्या बिक्री २४ दशमलव तीन प्रतिशतले वृद्धि भई ७३ हजार एक सय २६ रहको छभने होटलहरुको अकुपेन्सी ३० दशमलव ७३ प्रतिशत छ। जुन गत वर्ष २४ दशमलव ६१ प्रतिशत थियो।

आन्तरिक तथा बाह्य पर्यटनमा व्यापक सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिएको हो । प्रदेशमा २१ हवाई कम्पनीमार्फत उडान भई ११ हजार चार सय ८५ पटक उडान भएको छभने हवाई कम्पनीको सिट उपयोग क्षमता ७७ दशमलव ८५ प्रतिशत रहेको छ। गत वर्षको हवाई कम्पनीको सिट उपयोग क्षमता ७४ दशमलव ५४ प्रतिशत थियो।

सो प्रदेशमा उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति हाबी भएको, बसाइँसराईलगायत कारणले विद्यार्थी र शिक्षकको संख्यामा क्रमशः तीन दशमलव ४० प्रतिशत र चार दशमलव १६ प्रतिशतले कमी आएको छ। साथै, विद्यार्थी संख्यामा आएको कमीले गर्दा क्याम्पसहरु गाभिन गई क्याम्पसको स॓ख्यामा समेत दुई दशमलव ८२ प्रतिशतले कमी आएको छ।

समीक्षा वर्षमा बैङ्क तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १२ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु पाँच पाँच खर्ब ३४ अर्ब ४० करोड पुगेको छ। कुल कर्जा प्रवाह भने एक दशमलव सात प्रतिशतले ह्रास भई रु तीन खर्ब ४९ अर्ब सात करोड पुगेको छ । पर्यटन क्षेत्रमा प्रवाहित कर्जा रकम गत वर्षभन्दा नौ दशमलव ९० प्रतिशतले वृद्धि भई रु २३ अर्ब ७६ करोड पुगेको छ ।रासस

# जनताले अनुभूति गर्नेगरी कार्यसम्पादन गर्नुपर्छः मन्त्री अधिकारी




राँझा । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले जनताले अनुभूति गर्नेगरी कार्यसम्पादन गर्नुपर्ने बताउनुभएको छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागद्वारा शुक्रबार नेपालगञ्जमा आयोजित लुम्बिनी र कर्णाली प्रदेशका मालपोत तथा भूमिसुधार कार्यालयहरुको वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनताले अनुभूति गर्नेगरी कर्मचारीबाट कार्यसम्पादन हुनुपर्नेमा जोड दिनुभयो।

कानुनको विधिमा चल्ने र विधिको शासन लागू गर्ने जिम्मेवारी बोकेका कर्मचारीले स्वार्थ राखेर काम गर्न नहुने उल्लेख गर्दै मन्त्री अधिकारीले परिवर्तनको आशयअनुरुप कर्मचारीलाई कार्यसम्पादन गर्न निर्देशन दिनुभयो। “हामीले जनतालाई आशा जगाउने गरी काम गरिरहेका छौं, त्यसको प्रतिफल आइरहेको छ”, उहाँले भन्नुभयो, “मुलुकमा राजनीतिक स्थायित्व र समृद्धिका लागि वर्तमान सरकार दृढताका साथ काम गरिरहेको छ ।”मन्त्री अधिकारीले कुनै पनि भ्रम वा अफवाहका पछाडि नलागी तथ्यका आधारमा भावनात्मक एकताका साथ देश र जनताको सेवामा सबै समर्पित हुनुपर्नेमा जोड दिनुभयो।

प्रतिनिधिसभाका सांसद दीपा शर्माले अनुभव साटासाटले कार्यसम्पादनमा थप टेवा पुग्ने बताउँदै जनताले चाहेको सेवा प्रवाह गर्न प्रगति समीक्षाको उद्देश्य हुनुपर्नेमा जोड दिनुभयो । भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्ट, बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले अव्यवस्थित बसोबास, भूमिहीन तथा सुकुम्वासीका समस्या स्थायी रुपमा समाधान गर्न सरकारले पहल गर्नुपर्ने बताउनुभएको थियो । रासस

# समाजवाद स्थापना नभएसम्म क्रान्तिबाट विश्राम लिइन्न : महासचिव चन्द



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले नेपाली विशेषताको समाजवाद स्थापना नभएसम्म क्रान्तिबाट विश्राम नलिने दृढता व्यक्त गर्नुभएको छ।

नेत्रविक्रम चन्दको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टीको ११औं स्थापना दिवसका अवसरमा भृकुटीमण्डपमा शनिबार आयोजित सभामा उहाँले ८० को दशकलाई राष्ट्रिय स्वाधिनता, समाजवाद निर्माणलाई केन्द्रित गरी आफ्ना कार्यक्रम र राजनीतिक गतिविधि अघि बढाउने धारणा राख्नुभयो।

विगतमा नेकपा (माओवादी) मा रही नेपाली जनताको परिवर्तनको चाहना र न्यायका लागि गरेको योगदान इतिहास साक्षी रहेको बताउँदै महासचिव चन्दले देश र नेपाली जनताको सुख तथा समृद्धिका सधैं काम गरिरहने विचार प्रकट गर्नुभयो ।पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्माले विगतमा क्रान्तिको अगुवाई गरेका कतिपय कम्युनिष्ट पार्टीमा उतार-चढाव तथा विचलन आएपछि जनताको क्रान्तिको नेतृत्व आफ्नो पार्टीले गर्दैआएको बताउनुभयो।

केन्द्रिय सदस्य माइला लामाले मुलुकको अस्थिर राजनीति र वेरोजगारलगायतकारण युवापुस्ता अध्ययन र रोजगारीका लागि विदेशिन बाध्य हुँदा गाँउघर खाली हुन पुगेको घटना सुनाउनुभयो ।रासस

# चिनियाँ दूतावासद्वारा ‘छत्रपाटी निःशुल्क चिकित्सालय’लाई विद्युतीय सवारी हस्तान्तरण



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाल छिमेकीसँगै अन्तर ाष्ट्रिय समुदायसँग मैत्रीपूर्ण सम्बन्ध राखेर अघि बढिरहेको स्पष्ट पार्नुभएको छ । काठमाडौंस्थिति चिनियाँ दूतावासले छत्रपाटी निःशुल्क चिकित्सालयलाई उपलब्ध गराएको विद्युतीय सवारी साधन हस्तान्तरण गर्न शनिबार आयोजित कार्यक्रममा उहाँले दूतावासको सहयोग दुई देशबीचको सम्बन्धका कडीका रुपमा रहेको बताउनुभयो।

उपप्रधानमन्त्री सिंहले विश्वव्यापी रुपमा जलवायु परिवर्तनको असर बढ्दै गइरहेको अवस्थामा चिकित्सालयलाई विद्युतीय सवारी साधन उपलब्ध गराएकामा आभार प्रकट गर्नुभयो । समुदायलाई चिकित्सा सेवा उपलब्ध गराउन क्लिनिकका रुपमा स्थापना भएको सो चिकित्सालयले सुविधा सम्पन्न अस्पतालकै जस्तो सेवा उपलब्ध गराउँदै आएको उहाँको भनाइ थियो । नेपालका लागि चिनियाँ राजदूत छन सङले नेपालको आर्थिक विकास र समृद्धिका लागि चीनले सहयोग गर्दै आएको उल्लेख गर्दै दुई देशबीच विविध क्षेत्रमा सहकार्यबाट महत्वपूर्ण नतिजा हासिल भइरहेको बताउनुभयो। उहाँले छत्रपाटी निःशुल्क चिकित्सालयले सर्वसुलभ शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएकामा खुसी व्यक्त गर्नुभयो। सो अवसरमा काठमाडौंस्थित चिनियाँ दूतावासले उपलब्ध गराएको विद्युतीय सवारी साधन हस्ताक्षरण गरिएको थियो ।रासस

# अबुधाबीमा निर्यात प्रवर्द्धनबारे छलफल

काठमाण्डु। आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनलाई विशेष जोड दिने सरकारको नीतिअनुसार गत बिहीबार अबुधाबीस्थित नेपाली राजदूतावासमा निर्यात प्रवर्द्धनसम्बन्धी छलफल कार्यक्रम आयोजना गरियो।

संयुक्त अरब इमिरेट्स युएईका लागि नेपालका राजदूत तेजबहादुर क्षेत्रीले देशको निर्यात व्यापारलाई प्रवरद्धधन गर्दै नेपाल र युएईबीचको व्यापारिक सम्बन्धलाई अभिवृद्धिका निम्ति राजदूतावास क्रियाशील रहेको बताउनुभयो। आर्थिक कूटनीतिका माध्यमबाट समृद्ध नेपाल निर्माणको अभियानमा सक्दो योगदान गर्न आफू प्रतिबद्ध रहेको उहाँले दोहोर्याउनुभयो।

त्यस अवसरमा नेपालका उद्योगी-व्यवसायी सम्मिलित प्रतिनिधिमण्डल र गैरआवासीय नेपाली सङ्घ, युएई,नेपाल विजनेस काउन्सिल युएई तथा यूएईमा रहेका उद्योगी-व्यवसायीबीच नेपाल र युएईबीचको नेपालको व्यापार घाटालाई कम गर्दै युएईका बजारमा नेपाली उत्पादनलाई सहज रूपमा स्थापित गराउने विषयमा गहन छलफल भएको उक्त दूतावासले जनाएको छ ।नेपालका सामग्री उक्त देशमा निर्वाध पुर्याउन विद्यमान चुनौती र भविष्यमा दुई देशबीच अपनाउनु पर्ने कानुनी तथा नीतिगत उपायका बारेमा सहभागीले सुझाव दिएका थिए।

यसैबीच, मङ्सिर २ देखि ५ गतेसम्म दुबईमा आयोजना भएको ‘मिडल इष्ट अर्ग्यानिक एण्ड नेचुरल प्रडक्ट एक्स्पो’मा नेपालका १२ कक्षमार्फत नेपाली उत्पादन प्रवर्द्धन गरिएको थियो। मेलामा नेपाल उद्योग वाणिज्य महासङ्घ तथा नेपाल निर्यात व्यावसायी महासङ्घका प्रतिनिधि सहभागी थिए ।रासस

# दक्षिण अफ्रिकाका माफिया-नियन्त्रित 'खतरनाक' सुनखानीहरू

**बीबीसी**

काठमाण्डु । डुमिसो अन्य झन्डै ६०० जना पुरुषहरूसँगै माफिया-नियन्त्रित जमिनमुनिको एउटा सानो 'नगर'मा काम गर्छन्। उनी त्यहीँ बस्छन्। यो पहिलेको सुनखानी हो। त्यहाँ बजार तथा 'रेड लाइट' क्षेत्र पनि छ।

उनले बीबीसीलाई बताएअनुसार एउटा ठूलो खानीको कामबाट निकालिएपछि उनले अवैध कामदारका रूपमा भूमिगत गिरोहसँग जोडिने निधो गरे। त्यस्ता कामदारलाई "जामा जामा" भनेर चिनिन्छ।मूल्यवान् धातुका निम्ति उत्खननकार्य गर्ने उनी त्यसलाई अवैध बजारमा बेच्नका निम्ति हरेक तीन महिनामा सतहमा आउँछन्। उनले यो कामबाट पहिलेभन्दा निकै कमाएका छन् तर यो काममा पहिलेको काम हेरी जोखिम पनि उत्तिकै छ।

**'लुट्नुभन्दा उत्तम'**

"भूमिगत जीवन निकै कठोर छ। धेरैजना जिउँदै बाहिर आउन सक्दैनन्," ५२ वर्षीय उनले वास्तविक नाम प्रयोग नगर्ने सर्तमा बीबीसीसँग भने। उनलाई नाम खुलाइए आफूमाथि प्रतिशोध साँधिने हो कि भन्ने डर छ। "सुरुङको एउटा तहमा लास र कङ्कालहरू छन्। हामी त्यसलाई 'जामा-जामा'को चिहान भन्छौँ," उनी भन्छन्।

तर डुमिसोजस्तै बाँच्न सफल हुनेहरूका निम्ति यो काम फाइदाजनक हुन सक्छ।ढाड भाँच्चिन्जेलको कष्टकर काम सकेर उनी बालुवाका बोराहरूमाथि सुतिरहँदा उनका परिवारजन भने जोहानिस्बर्गको मुख्य सहरमा उनले किनिदिएको घरमा बस्छन्। उनले सात हजार अमेरिकी डलरजति नगद हालेर एउटा शयनकक्षसहितको घर किनेका हुन्। उनका अनुसार त्यसमा अब अन्य तीन कोठा थपिँदै छन्।

आठ वर्षदेखि अवैध खानीमा कार्यरत कामदारका रूपमा डुमिसो आफ्ना तीन सन्तानलाई शुल्क लाग्ने विद्यालय पठाउन सक्षम भए, तीमध्ये एउटा हाल विश्वविद्यालय पढ्छन्।"मैले श्रीमती र सन्तानको रेखदेख गर्नुपर्छ र यो नै मैले जानेको उपाय हो," उनले भने। वैध कामको खोजीमा कैयौँ वर्ष बिताएका उनले कार अपहरणकारी वा लुटेरा बनेर अपराधको बढ्दो दरमा योगदान पुऱ्याउनुभन्दा भूमिगत बसेर परिश्रम गर्न उत्तम ठाने।उनी अहिले स्टिलफोन्टइन नामक सानो नगरमा रहेको खानीमा काम गर्छन्।

**अहिले किन चर्चामा**

जोहानिस्बर्गको १४५ किमि उत्तरपूर्वमा अवस्थित उक्त खानीले दक्षिण अफ्रिकाका एक मन्त्री खुम्बुजो चाभेनीले भूमिगत स्थितिमा बसिरहेका सयौँ कामदारलाई "धुवाँ लगाएर" भए पनि बाहिर निकाल्ने बताएसँगै विश्वको ध्यान खिचिरहेको छ। त्यसका निम्ति सुरक्षा बलको प्रयोगमार्फत् खाना र पानीको आपूर्ति रोक्ने ती मन्त्रीको भनाइ थियो।"अपराधीहरूलाई सहायता दिइनुहुँदैन। अपराधीमाथि मुद्दा लगाउनुपर्छ," चाभेनीले भनिन्।'सोसाइटी फर दी प्रोटेक्शन अफ आवर कन्स्टिट्यूशन' नामक एक अभियान खानीको सुरुङभित्र पहुँच पाउनुपर्ने भन्दै अदालत गएको छ। प्रहरीका अनुसार उक्त खानी दुई किमिजति गहिरो छ।

अदालतले खाना तथा अन्य आवश्यक सामग्री खानी कामदारसम्म पुऱ्याउन सकिने भन्दै अन्तरिम आदेश दिएको छ। खानीको अर्कै सुरुङमा काम गर्ने डुमिसो गत महिना बाहिर आएका छन्। त्यतिखेर अहिलेको देखिएको विवाद आइसकेको थिएन।फर्कने कि नफर्कने भन्ने निर्णय गर्नुअघि उनी स्थिति कसरी अघि बढ्छ भनेर हेरिराखेका छन्।सरकारले माफिया-गिरोहहरूद्वारा सञ्चालित र नियन्त्रणहीन हुँदै पेचिलो बनेको उद्योगलाई बन्द गर्ने निर्णय गरेसँगै अहिलेको स्थिति उत्पन्न भएको हो।

"देशले वर्षौंदेखि व्यापक रूपमा फैलिएको अवैध उत्खननको विषयसँग सङ्घर्ष गरिराखेको छ र ती समुदायले परिणाममा बलात्कार, चोरी तथा सार्वजनिक संरचना नष्ट गर्ने कार्यजस्ता आपराधिक क्रियाकलापहरू भोगिराखेका छन्," खानीजन्य स्रोतसम्बन्धी संसदीय समितिका अध्यक्ष मिकातेको माहलौलेले भने।दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले खानीलाई "अपराधक्षेत्र" भनेका छन् तर प्रहरीले जमिनमुनि गएर पक्राउ गर्नुका सट्टा समस्या समाधानका निम्ति कामदारहरूसँग वार्ता गरिराखेको छ।

"कानुन कार्यान्वयन गराउने निकायहरूसँग खानीका कामदारसँग ठूलो मात्रामा हतियार भएको हुन सक्ने सूचना छ।



आपराधिक गिरोहहरूले अवैध कामदारहरू नियुक्त गर्ने भएकाले र बृहत् रूपमा सङ्गठित आपराधिक सञ्जालको हिस्सा भएकाले यो व्यवस्थित रूपमा सञ्चालित छ," उनले भने।डुमिसो त्यहाँ काम गर्ने स्थानीय तथा लेसोथोजस्ता छिमेकी देशबाट आएका सयौँ हजार कामदारमध्येका एक हुन्। यी मानिसहरू गएको तीन दशकमा ओह्रालो लागेको दक्षिण अफ्रिकाको खानी उद्योगबाट छाँटिएका थिए। तीमध्ये धेरैजसो प्रतिबन्धित खानीहरूमा 'जामा जामा' बनेका छन्।

**त्यस्ता खानी र कामदार कति छन्**

उक्त उद्योगका बारेमा अध्ययन गरेका दक्षिण अफ्रिकामा आधारित 'बेन्च्मार्क फाउन्डेशन'का अनुसन्धानकर्ता डेभिड फान वेकले बताएअनुसार देशमा ६,००० जति परित्यक्त खानीहरू छन्।

"(ती खानीहरू) ठूलो औद्योगिक स्तरका निम्ति फाइदाजनक नभएको स्थितिमा पनि ती साना स्तरको उत्खननकार्यका निम्ति फाइदाजनक हुन सक्छन्," 'बीबीसी फोकस अन अफ्रिका पडकास्ट'सँग उनले भने।डुमिसोका अनुसार उनी एउटा सुनखानी कम्पनीमा 'ड्रिल अपरेटर'का रूपमा काम गर्थे र सन् १९९६ मा कामबाट निकालिनुअघि महिनाको २२० डलरभन्दा कम कमाउँथे।

दक्षिण अफ्रिकाले गम्भीर रूपमा उच्च बेरोजगारीको समस्या भोगिरहेका बेला २० वर्षसम्म पूर्णकालीन काम खोज्न सङ्घर्ष गरेपछि उनी अवैध खानी कामदार बन्ने निर्णयमा पुगे।अहिले दक्षिण अफ्रिकाका खानीमा दशौँ हजार अवैध कामदार कार्यरत छन्। फान वेकका अनुसार गौटेङ प्रान्तमा मात्रै ३६ हजारजति छन्। उक्त प्रान्त देशको आर्थिक केन्द्र हो, जहाँ १९औँ शताब्दीमा पहिलो पटक सुन पत्ता लागेको थियो।

"'जामा जामा'हरू प्रायः महिनौँ बाहिर ननिस्कीकन बस्छन्। उनीहरूलाई खाना तथा अन्य आवश्यकताका निम्ति बाह्य सहयोग आवश्यक पर्छ। यो कठिन र जोखिमयुक्त काम हो," 'ग्लोबल इनिशटिभ अगेन्स्ट ट्रान्स्न्याश्नल अर्गनाइज्ड क्राइम' नामको अभियान समूहको प्रतिवेदनमा भनिएको छ।"केहीले खानीका विपक्षी गिरोहबाट जोगिन पेस्तोल, सटगन र अर्धस्वचालित हतियार बोक्छन्," त्यसमा थपिएको छ।

**'अन्धो भएछु झैं लाग्यो'**

डुमिसोले बीबीसीलाई बताएअनुसार उनीसँग पेस्तोल थियो, तर 'सुरक्षा शुल्क' का नाममा आफ्नो गिरोहलाई मासिक आठ डलरजति बुझाउँथे।घातक हतियार बोकेका उनीसम्बद्ध गिरोहका सुरक्षाकर्मीले विशेष गरी लेसोथोका गिरोहहरूको खतराबाट जोगाउँथे। उनीहरूसँग अझै डरलाग्दा हतियार भएको ठानिन्थ्यो।चौबीसै घण्टा गिरोहको सुरक्षाघेरामा रहेर डुमिसो चट्टान फोर्नका निम्ति 'डाइनामाइट'को प्रयोग गर्थे भने सुन खोज्नका निम्ति गैंती, बेल्चा र छिनोजस्ता साधारण साधन पनि चलाउँथे।

जे भेटिन्थ्यो, गिरोहको नाइकेलाई बुझाउँथे। नाइकेले उनलाई हरेक दुई सातामा कम्तिमा १,१०० डलर दिन्थे। उनले बताएअनुसार उनी केही सुन लुकाउन सक्षम भए र कालो बजारमा बेचेर अतिरिक्त आय गरे।

डुमिसो त्यस्तो व्यवस्थपानमा काम गर्ने भाग्यभानी कामदार हुन्। उनका अनुसार अन्य कामदारहरू अपहरण गरेर सुरुङमा ल्याइएका हुन्छन्, दासले झैं काम गर्छन्, तर न सुन न पारिश्रमिक नै पाउँछन्। डुमिसोका अनुसार उनी एक पटकमा तीन महिनाजति जमिनमुनि बस्छन्। त्यसपछि सुन बेच्न र परिवारसँग समय बिताउन दुईदेखि चार साताका निम्ति बाहिर आउँछन्।

"मलाई आफ्नो ओछ्यानमा सुत्न र घरमा बनाएको खाना खान मन लाग्छ। स्वच्छ हावामा सास फेर्नु असाध्यै बलियो अनुभव हो।"डुमिसो आफूले खनेको खाल्डो हराएका बेला प्रायः धेरै बाहिर आउँदैनन्, तर तीन महिना जमिनमुनि बसेपछि अति हुन्छ।

एकपटक बाहिर निस्कँदाको अनुभव स्मरण गर्दै उनले भने, "घाममा आँखै उघार्न सकिनँ, मलाई त अन्धो भएछु झैं लाग्यो। "उनको अनुहार पनि पहेँलिएको थियो, जसका कारण पत्नीले उनलाई जँचाउन लगिन्। "मैले डाक्टरलाई म कहाँ बस्छु भन्नेबारे इमानदार ीसाथ सबै बताएँ। उनले केही भनेनन्, उपचार मात्रै गरे र भिटामिनहरू दिए।"

**बाहिर आएपछि के गर्छन्**

जमिनमाथि आएपछि उनी आराम मात्रै गरेर बस्दैनन्। उनी अन्य अवैध खानी कामदरसँग मिलेर मुनिबाट ल्याइएका धातुयुक्त ढुङ्गाहरूलाई फुटाएर तथा पिसेर धुलो बनाउने काम गर्छन्।

त्यसपछि यसलाई उनका समूहले अस्थायी प्रशोधन केन्द्रमा "धुलाउने" काम गर्छन्, जहाँ मर्करी र सोडिअम साइनाइडजस्ता खतरनाक रसायनहरू प्रयोग गरेर सुनलाई छुट्याइन्छ।

त्यसपछि डुमिसोले आफ्नो भागको सुन आधिकारिक मूल्य (७७ डलर प्रतिग्राम) भन्दा कम प्रतिग्राम ५५ डलरका दरले बेच्छन्।उनका अनुसार उनीसँग पहिल्यैदेखि तयार एक जना क्रेता छन्, जसलाई उनी 'ह्वाट्स्याप'मार्फत् सम्पर्क गर्छन्। "पहिलोपटक भेट्दा मलाई तिनको भर लागेन। मैले उनलाई प्रहरी कार्यालयको कार पार्क गर्ने ठाउँमा भेटौँ भनैँ। मलाई त्यहाँ सुरक्षित हुन्छ भन्ने थाहा थियो।"

"अचेल हामी कुनै पनि कार पार्किङमा भेट्छौँ। हामीसँग एउटा जोख्ने भाँडो हुन्छ। हामी ठाउँका ठाउँ सुन जोख्छौँ। म सुन दिन्छु, उनले नगद दिन्छन्," आफूले ३,८०० देखि ५,५०० डलरसम्म लिएर हिँड्ने गरेतर्फ औँल्याउँदै उनले भने।उनले प्रत्येक तीनतीन महिनामा यति रकम हात पार्छन्। यसको अर्थ उनले प्रतिवर्ष १५,००० देखि २२,००० डलरसम्म आम्दानी गर्छन्, जुन कुनै वैध खानी कामदारले पाउने २,७०० डलरभन्दा निकै हो।डुमिसो गिरोहका नेताहरूले झन् धेरै कमाउने बताउँछन् तर कति भन्ने थाहा छैन।

**अधिकारीहरूको चिन्ता**

यसले आपराधिक सञ्जालविरुद्ध कारबाही गर्न कठिन बनाएको फान वेक बताउँछन्। उनका अनुसार सरकारले जोहानिस्बर्ग र केपटाउन वरपर बस्ने ठूला मानिसहरूलाई नभई खानीका कामदार हरूलाई निसाना बनाइरहेको छारामाफोसाले अवैध उत्खननका कारण "देशको अर्थतन्त्रले निर्यातबाट हुने आय, रोयल्टी र करहरूमा अर्बौं ऱ्यान्ड बराबरको मूल्य चुकाउनु परेको" बताए। त्यसका साथै उनले खानी कम्पनीहरूले सञ्चालनमा नरहेका खानीहरूलाई बन्द गर्ने वा सुधार्ने कार्यको जिम्मेवारी लिने सुनिश्चित गर्न सरकारले तिनीहरूसँगको कामलाई निरन्तरता दिने बताए।

फान वेकले 'बीबीसी फोकस अन अफ्रिका' पडकास्टमा सरकारले 'जामा जामा'हरूमाथि कडाइ गरे दक्षिण अफ्रिकाको आर्थिक सङ्कट झन गहिरिने बताए।"खानी सञ्चालनलाई गैरअपराधीकरण गर्न, थप व्यवस्थित र नियमन गर्ने नीति हुनुपर्छ।" कामका निम्ति जमिनमुनि जाने बेला डुमिसो त्यहाँको 'बजार'को असाधारण मूल्यबाट बच्न बाक्साका बाक्सा डिब्बावाला खानेकुरा बोक्छन्।खानाबाहेक त्यहाँ चुरोट, टर्चलाइट, ब्याटरी तथा खन्ने सरसामान बेचिने गरेको उनले बताए।

यी कुराहरूले समयक्रममा जमिनमुनि एउटा समुदाय वा सानो नगर विकसित भएको देखाउँछन्। डुमिसोले बताएअनुसार त्यहाँ 'रेड लाइट' क्षेत्र पनि छ। यौनकर्मीहरूलाई त्यहाँका गिरोहहरूले त्यहाँको बजारमा पुऱ्याएका हुन्।उनी काम गर्ने सुरुङमा विभिन्न तहहरू भएको र सुरुङका ती झुक्याउने खालका सञ्जाल एकअर्कासँग जोडिन्छन्। "ती राजमार्गहरूजस्तै हुन्, जहाँ शौचालय र 'जामा जामा'का चिहानजस्ता विभिन्न स्थान र तहका दिशा पत्ता लगाउन सङ्केतहरू बनाइएका छन्," उनले भने।

"केही प्रतिद्वन्द्वी गिरोहका सदस्यहरूद्वारा मारिएका हुन्छन्, अन्य ढुङ्गा खसेर लाग्दा वा ठूल्ठूला चट्टानमा पिसिएर मर्छन्। मैले नै एक साथी गुमाएको छु। सुन लुटपाटपछि उसको टाउकामा गोली हानिएको थियो। "भूमिगत जीवन खतरायुक्त भए पनि डुमिसोजस्ता हजारौँ मानिस जोखिम बेहोर्न चाहन्छन्। उनीहरूका अनुसार बेरोजगारी दर ३० प्रतिशतभन्दा धेरै भएको देशमा जोखिम नमोल्नुको विकल्प भनेको गरिब भएर बाँच्नु र गरिब भएरै मर्नु हो।

# विश्वकपमा छनोट भएका महिला क्रिकेट खेलाडी सम्मानित




दोधारा चाँदनी ।विश्वकपमा छनोट भएको १९ वर्ष मुनिको महिलाक्रिकेटटोलीकासदस्यलाई कञ्चनपुरमा नगदसहित सम्मान गरिएको छ ।

महेन्द्रनगरस्थित होली फेम्ली क्रिकेट एकेडेमीले यु-१९ महिला क्रिकेट टोलीका सदस्य सावित्री धामी र स्नेहा महरालाई शनिबार रु ३०/३० हजारसहित सम्मान गरेको हो । त्यसैगरी नेपाली महिला क्रिकेट टोलीकी उपकप्तान विन्दु रावललाई रु ५० हजार र टोलीका सहायक प्रशिक्षक जानकी भट्टलाई रु ३० हजार नगदसहित दोसल्ला ओढाएर सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री बहादुर सिंह थापाले सम्मान गर्नुभयो ।

खेलाडीलाई सम्मान गर्दै मन्त्री थापाले खेलाडीहरुको मेहनतले देशकै प्रतिष्ठा जोगिएको उल्लेख गर्दै प्रदेश सरकारबाट खेलकुदको विकासका लागि पहल गरिने बताउनुभयो । "प्रदेश सरकारले खेलकुदको विकासका लागि पूर्वाधार विकासमा पहल गर्छ", उहाँले भन्नुभयो, "हाम्रो यहाँ पूर्वाधारको अभावमा पनि खेलाडीहरुले धेरै मेहनत गरेकाले अब सरकार पूर्वाधार विकासमा लाग्छ ।"

जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले सरकारले क्रिकेटको विकासमाजोडदिनुपर्नेबताउनुभयो। "खेलाडीहरुको विकासका लागि क्रिकेट सङ्घले विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएको छ", अध्यक्ष चन्दले भन्नुभयो, "कञ्चनपुरका थुप्रै खेलाडीले राष्ट्रिय टोलीबाट खेलिरहेका छन् ।"


उहाँले खेलाडीका लागि खेलमैदान पहिलो आवश्यकता रहेकाले प्रदेश सरकारले खेलमैदान निर्माणका लागि सहयोग गर्नुपर्ने बताउनुभयो । "यहाँ ठूलो प्रतियोगिता सञ्चालन गर्नका लागि राम्रो खेलमैदान छैन्, स्थानीय कबर्ड हलमा प्रतियोगिता गराउनुपर्छ", उहाँले भन्नुभयो, "तीनै तहका सरकारले खेलकुदको विकासका लागि पूर्वाधारमा लगानी गर्न आवश्यक छ ।"

होली फेम्ली क्रिकेट एकेडेमीका अध्यक्ष भुपालसिंह विष्टले खेलाडीको हौसलाका लागि सम्मान गरिएको बताउनुभयो । गत महिना युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी १९ वर्ष मुनिको महिला विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो । सन् २०२५ को जनवरीमा मलेसियामा हुने १९ वर्ष मुनिको महिला विश्वकपमा नेपालले सहभागिता जनाउनेछ ।रासस

# रङ्गशाला निर्धारित समयमा सम्पन्न गर्न निर्देशन

मकवानपुर । बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले हेटौँडा-६ मा निर्माणाधीन गौरिटार रङ्गशालाको काम समयमा सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको छ । उहाँले रङ्गशालाको निर्माण गर्दा गुणस्तर विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

शुक्रबार स्थलगत अनुगमन गर्दै मन्त्री महर्जनले रङ्गशाला परिसरमा निर्माणाधीन अन्तर ाष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट रङ्गशाला, पौडी पोखरी र फुटबल रङ्गशालालगायत पूर्वाधार निर्माण निर्धारित समयमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पूर्वाधार निर्माणको हालसम्मको प्रगति विवरणबारे जानकारी लिनुभएको थियो । प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि स्तरीय खेलकुदका संरचनासँगै खेलाडी प्रोत्साहनमा काम गर्ने लक्ष्य लिएको मन्त्री महर्जनले बताउनुभयो ।



फुटबल रङ्गशाला निर्माण अन्तिम चरणमा पुगिसकेको भन्दै चाँडै निर्माणले पूर्णता पाउने प्रदेशस्थित खेलकुद परिषद्का सदस्य सचिव दीपक लामाले जानकारी दिनुभयो । अन्य संरचना निर्माणले पनि तीव्रता पाएको उहाँको भनाइ छ । प्रदेश सरकारले गत आवदेखि क्रिकेट रङ्गशाला निर्माण गर्न रु १२ करोड र स्वीमिङ पुल निर्माण गर्न रु नौ करोड बजेट विनियोजन गरी काम थालेको थियो ।

रङ्गशालामा पहिलो चरणमा छ सयभन्दा बढी दर्शक अट्ने क्षमताको एउटा प्याराफिटसहित पाँच वटा पिच, ७० मिटर रेडिएसनको ग्राउण्ड भिभिआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुने परिषद्ले जनाएको छ ।

केन्द्रीय खेलकुद प्रतिष्ठानका रूपमा विकास गर्ने गरी तत्कालीन समयमा खेलकुद परिषद्ले संरचना निर्माण गर्न थालेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १४ वर्षसम्म यो रङ्गशाला निर्माणले गति लिन सकेको थिएन । विसं २०६४ जेठ २८ जेठ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले रङ्गशालाको शिलान्यास गर्नुभएको थियो ।रासस

# रुसले पहिलो पटक युक्रेनमा प्रहार गरेको 'ओरेश्निक' क्षेप्यास्त्र के हो

**बीबीसी**

काठमाण्डु । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो देशसँग प्रयोगका लागि तयारी अवस्थाका शक्तिशाली नयाँ क्षेप्यास्त्रहरूको भण्डार रहेको बताएका छन्।

आफ्नो देशले युक्रेनको डिनिप्रो क्षेत्रमा नयाँ बलिस्टिक क्षेप्यास्त्र प्रहार गरेको भोलीपल्ट पुटिनले थप अस्त्रहरू रहेको बताएका हुन्।पूर्व निर्धारित नरहेको टेलिभिजन सम्बोधनमा रुसी नेताले 'ओरेश्निक' क्षेप्यास्त्र निस्तेज बनाउने कुनै उपाय नभएको बताए। उनले लडाइँको अवस्थामा यो अस्त्रका थप परीक्षणहरू गरिने वाचा गरेका छन्।

रुसले 'ओरेश्निक' प्रहार गरेसँगै युक्रेनले अमेरिकी र ब्रिटिश क्षेप्यास्त्रको प्रयोग गरेपछि थप चर्किएको रुस-युक्रेन युद्ध केही मत्थरजस्तो देखिएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पुटिनका कदमबारे गम्भीर जवाफ दिन विश्व नेताहरूलाई आह्वान गरेका छन्। उनको देशले पश्चिमा साझेदार देशहरूसँग परिष्कृत रक्षा प्रणालीहरू माग गरिरहेको उनले बताएका छन्।

**'ओरेश्निक' कस्तो अस्त्र हो**

अहिले चर्चामा रहेको 'ओरेश्निक' क्षेप्यास्त्र नोभेम्बर २१ मा युक्रेनको डिनिप्रोमा प्रहार हुँदासम्म यो कस्तो अस्त्र हो भन्ने विवरण खासै बाहिर आएका थिएनन्।बीबीसी रुसी सेवाका सैन्य विज्ञ पभेल अक्सेनोभले यो क्षेप्यास्त्रबारे हालसम्म उपलब्ध भएका प्रमाणहरूको अध्ययन गरेका छन्।

रुसी राष्ट्रपति पुटिनले यसलाई "नयाँ परम्परागत मध्यम दूरीको क्षेप्यास्त्र" भनेका छन्।तर युक्रेनले यो स्वीकार गरेको छैन। किएभले यसलाई 'सिडर' क्षेप्यास्त्र भनेको छ। तर यो सिडर हुने धेरै सम्भावना छैन।कैयौँ गुप्तचर निकायहरूले




नजिकबाट निगरानी गरिरहेको क्षेत्रमा भएको यति लामो दूरीको क्षेप्यास्त्र उडानका क्रममा पनि भूउपग्रहहरू र सैन्य निगरानी विमानहरूबाट प्रस्ट देखिएको थियो।

क्षेप्यास्त्र उडानका क्रममा देखिने आगोको लप्काका आधारमा पनि त्यसको विशेषताबारे धेरै कुरा थाहा पाउन सकिन्छ। नयाँ क्षेप्यास्त्रको प्रक्षेपणको तथ्याङ्कबाट पनि विश्लेषकहरूले धेरै निष्कर्ष निकाल्न सक्छन्। पश्चिमा गुप्तचर निकायहरूले 'ओरेश्निक' क्षेप्यास्त्रबारे आफ्नो निचोड हालसम्म सार्वजनिक नगरे पनि उनीहरूसँग यो कस्तो प्रकारको क्षेप्यास्त्र हो भन्ने अझै प्रस्ट बुझाइ हुनसक्छ।

प्राप्त जानकारीहरूका आधारमा विज्ञ र टिप्पणीकर्ताहरूले सञ्चार माध्यम र सामाजिक सञ्जालमा आ-आफ्नै बुझाइहरू सुनाएका छन्।यसमध्ये सबैभन्दा धेरै चर्चा भएको चाहिँ रुसले अन्तरमहादेशीय बलिस्टिक क्षेप्यास्त्र आईसीबीएम रुबेज्ह क्षेप्यास्त्र मध्यम दूरीको प्रहारका लागि परीक्षण गरेको हो भन्ने तर्क हो।

**'ओरेश्निक'बारे हामीलाई के थाहा छ?**

पुटिनले जारी गरेको वक्तव्यमा उक्त क्षेप्यास्त्र "गैरआणविक हाइपरसोनिक विस्फोटक"ले भरिएको थियो र एक सेकेन्डमा झन्डै तीन किलोमिटर दूरी पार गर्दै आफ्नो निशानामा पुग्ने गतिको थियो।यसमा आणविक अस्त्र नभएको प्रस्टै थियो र बलिस्टिक क्षेप्यास्त्रहरू प्राय हाइपरसोनिक गतिकै हुन्छन्।

सेन्टर फर आर्म्स कन्ट्रोल एन्ड नन्-प्रोलिफरेशन नामको गैर सरकारी संस्थाले यसबारेको एक पुस्तिकामा बलिस्टिक क्षेप्यास्त्रको गति एक सेकेन्डमा ९०० मिटर मात्रै हुने उल्लेख गरेको छ। त्यो भनेको रुसले सार्वजनिक गरेको भन्दा कम आँकडा हो।यो गतिकै क्षेप्यास्त्रले बोक्ने विस्फोटक पदार्थले भरिएको 'युद्धशीर्ष' लाई बीचैमा निस्तेज बनाउन निकै कठिन हुन्छायो क्षेप्यास्त्रमा अलग 'युद्धशीर्ष' थियो जसले टिप्पणीकर्ताहरूलाई अलमलमा पारिदिएको छ।

यो डिनिप्रोमा बर्जिँदाको समयमा खिचिएको भिडिओमा छ वटा समूहमा बस्तुहरू जमिनमा खसिरहेको देखिन्छ। प्रत्येक समूहमा अर्को छ वटा चम्किला बस्तुहरू थिए। यस्तो प्रकारका क्षेप्यास्त्रका लागि यो संख्या निकै ठूलो हो। यद्यपि त्यहाँको जमिनमा विस्फोट भएको नदेखिएबाट के सङ्केत मिल्छ भने क्षेप्यास्त्रमा रहेका छुट्टाछुट्टै अस्त्रको गतिका कारण ती चम्किला बस्तु देखिएका हुन सक्छन्।यस्ता अस्त्रहरू फरकफरक आकारका हुन सक्छन् र धातुका हुन्छन् जसले तीव्र गतिका कारण पैदा हुने ऊर्जाको मद्दतले लक्ष्यमा विनाश निम्त्याउन सक्छ। तीव्र गतिका कारण यो ऊर्जा निकै महत्त्वपूर्ण हुन्छ।

विभिन्न स्रोतहरूले रुसको आस्ट्राखान क्षेत्रबाट उक्त क्षेप्यास्त्र प्रहार भएको सङ्केत गरेका छन्।यदि यो साँचो हो भने यो क्षेप्यास्त्रको क्षमता ८०० देखि ८५० किलोमिटर हुनुपर्छ।पुटिनले 'ओरेश्निक' मध्यम दूरीको क्षेप्यास्त्र भएको बताएका छन्। यस्ता क्षेप्यास्त्रको क्षमता १००० देखि ५५०० किलोमिटरसम्म हुन्छ। तर रुसले कम दूरीकै लागि यो क्षेप्यास्त्र प्रहार गरेको पनि हुनसक्छ।

**यो क्षेप्यास्त्र कहाा बनेको हो?**

पुटिनले भनेको 'ओरेश्निक' मस्को इन्स्टिट्यूड अफ थर्मल टेक्नोलोजी एमआईटीले बनाएको हुनसक्ने सम्भावना सबैभन्दा धेरै छ। रुसमा यो वर्गका क्षेप्यास्त्र बनाउने दुई वटा निकाय छन्। ती मेकेयेभ रकेट सेन्टर र एमआईटी हुन्।मेकेयेभले तरल इन्धनबाट चल्ने क्षेप्यास्त्रहरू बनाउँछ। यस्ता क्षेप्यास्त्रहरू विशेष संरचनाबाट प्रक्षेपण गरिन्छ र निकै लामो दूरीसम्म प्रहार गर्ने किसिमका हुन्छन्। उदाहरणका लागि यस्तो किसिमको 'सांमाट' क्षेप्यास्त्रको क्षमता १८,००० किलोमिटरसम्म हुन्छ।

मस्को इन्स्टिट्यूड अफ थर्मल टेक्नोलोजीले केही साना क्षेप्यास्त्रहरू बनाउँछ र ती ठोस इन्धनबाट चल्ने इन्जिन जडित हुन्छन् अनि एक ठाउँबाट अर्को ठाउँमा सार्न सकिने लञ्चर हरूबाट प्रक्षेपण गर्न सकिन्छ । यस्ता क्षेप्यास्त्रहरू हलुका हुनुका साथै युद्धशीर्ष पनि सानो हुन्छ र छोटो दूरीको यात्रा मात्रै तय गर्न सक्छन्। उदाहरणका लागि यस्तो किसिमको 'यार्स' क्षेप्यास्त्रको अधिकतम दूरी १२,००० किलोमिटर छ।

त्यस कारण युक्रेनको डिनिप्रोमा प्रहार भएको यस्तै किसिमको क्षेप्यास्त्र एमआईटीले बनाएको हुनसक्छ। उनीहरूले यस्तै किसिमका क्षेप्यास्त्र यसअघि पनि विकास गरिसकेका छन्। आरएसडी-१० पायोनिअर क्षेप्यास्त्र सन् १९७०बाटै प्रयोगमा थियो। तर सन् १९८८ मा मध्यम दूरीको आणविक शक्ति सन्धि लागु भएपछि त्यसको प्रयोग रोकिएको थियो।उक्त समयमा मध्यम दूरी र छोटो दूरीका क्षेप्यास्त्रहरू रुसी सङ्घ र अमेरिका दुवै पक्षले नष्ट गर्दै भविष्यमा पनि त्यसको उत्पादन नगर्ने सहमति जनाएका थिए।

# धान फल्ने खेतमा लगाएको सुन्तलाबाट दश लाख आम्दानी



म्याग्दी । १३ वर्षअघि अंश वापत पाएको पाँच रोपनी धान फल्ने खेतमा सुन्तलाका बिरुवा रोप्दा बेनी नगरपालिका-४ सुर्केमेलाका डिलबहादुर केसीलाई धेरैले गाली गरेका थिए । "बुवाले अंश दिएको १० रोपनी खेतमा सुन्तलाका बिरुवा लगाउँदा आफन्त र छिमेकीहरुले धान फल्ने खेतमा काडा रोपेर छोराछोरी भोकै पार्ने भईस भनेर गाली गरेका थिए," ४४ वर्षीय केसीले भन्नुभयो "त्यसबेला गाली गर्नेहरु अहिले मैले सुन्तला बेचेर आम्दानी गरेको देखेर दंग परेका छन् ।"

बीस रोपनी पाखोबारी र खेतमा चार सय ५० बोट सुन्तला लगाएका केसीले यसपाली रु. १० लाखको सुन्तला बिक्री भइसकेको र थप रु. चार लाखको सुन्तला बिक्री गर्न बाँकी रहेको बताउनुभयो । हाल दुई ५० बोट सुन्तलाले उत्पादन दिने गरेको छ ।

पाँच वर्ष युएई र मलेसियामा काम गरेर फर्किएका केसीले सुन्तला खेतीका साथै के.सी. मौरीपालन स्रोत केन्द्र सञ्चालन गरेर वार्षिक दुई सय देखि तीन सय मौरी सहितको घार बिक्री गर्नुहुन्छ । सुन्तला र मौरीको आम्दानीले बागलुङमा पक्की घर बनाएका केसीले दुई छोरीलाई उच्च शिक्षा पढाउनुभयो । एक छोरा र छोरी निजी विद्यालयमा मावि तहको अध्ययन गर्दैछन् ।

"विदेशबाट फर्केपछि माछा, भैसी र बंगुर पाले," उहाँले भन्नुभयो "माछा र बंगुर मरेर ठूलो नोक्सान भयो । भैसीबाट आम्दानी राम्रै भएपनि धेरै दुःख र झञ्जट भयो । सुन्तला र मौरी ब्यवसायबाट सफलता मिल्यो ।" कुनै पनि काममा निरन्तरको प्रयासपछि सफलता प्राप्त हुने केसीको अनुभव छ ।

मौरी सहितको प्रतिघार मौरी रु. १० हजारका दरले बिक्री हुन्छ । म्याग्दीका साथै पर्वत, बागलुङ, कास्कीलगायत जिल्लाबाट मौरीको माग आउने गरेको छ । ब्यापारीले अग्रिम पैसा दिएर सुन्तला किनेर लैजाने गरेका छन् । सुन्तला खेती र मौरीपालनबाट केसीको जिवनशैलीमा परिवर्तन आएको छ । छोराछोरी र श्रीमतिले केसीलाई कृषि फार्ममा साथ दिएका छन् । किसान केसीको सिको गरेर सुर्केमेलाका १६ कृषकहरुले ब्यवसायिक सुन्तला खेती गरेका छन् । सुर्केमेलामा सुन्तला खेती गर्ने पहिलो कृषक केसी हुनुहुन्छ । चार सय बोट सुन्तला लगाएका सुर्केमेलाका धनराज पुनले अन्नबालीको तुलनामा धेरै गुणा बढी आम्दानी भएको बताउनुभयो ।

बर्षमा आठ/दश मुरी धान फल्ने खेतमा लगाएको सुन्तलामा रु. दश लाख भन्दा बढी कमाई हुने उहाँले बताउनुभयो । सिचाई सुविधा भएको सुर्केमेलाको भूगोल र हावापानी सुन्तला खेतीका लागि उपयुक्त मानिन्छ । रसिलो, स्वादिलो सुन्तला काठमाडौ, पोखरा, बेनीका ब्यापारीले किनेर लैजान्छन् । सुर्केमेलाका कृषकलाई कृषि ज्ञान केन्द्र र बेनी नगरपालिकाको कार्यालयले सघाएका छन् ।रासस

# कृषि आधुनिकीकरण परियोजनाको 'धान जोन' मा उत्पादन घट्यो

अत्तरिया । कैलालीमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित 'धान जोन' मा उत्पादन घटेको छ । अघिल्लो वर्षको तुलनामा यसवर्ष बर्खे धान उत्पादनमा कमी आएको हो ।

गत वर्ष 'धान जोन' मा चार हजार २१६ मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष तीन हजार ६८८ मेट्रिकटन मात्रै धान उत्पादन भएको जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका सूचना अधिकारी लक्ष्मी शाहले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा ८०० हेक्टर क्षेत्रफलमा 'धान जोन' सञ्चालनमा रहेको छ । क्षेत्रफल एउटै भए पनि गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा ५२८ मेट्रिकटनले कमी आएको उहाँले जानकारी दिनुभयो । उत्पादन घटेसँगै उत्पादकत्व घटेको छ ।

गत वर्ष 'धान जोन' मा बर्खे धानको उत्पादकत्व पाँच दशमलव २७ मेट्रिकटन प्रतिहेक्टर रहेकामा यस वर्ष उत्पादकत्व घटेर चार दशमलव ६१ मेट्रिकटन प्रतिहेक्टर भएको सूचना अधिकारी शाहले जानकारी दिनुभयो । धान सङ्कलन गर्ने समयमा भएको वर्षाले धानमा पुऱ्याएको क्षतिका कारण उत्पादनमा कमी आएको उहाँले बताउनुभयो । कैलालीमा 'धान जोन' आव २०७८/७९ बाट सुरु भएको थियो ।

'धान जोन' जिल्लाका जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र जानकी गाउँपालिकाका विभिन्न नौ वडामा सञ्चालनमा छ । लागत घटाएर कृषि आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउन ५० प्रतिशत अनुदानमा किसानलाई बीउ, विषादी, कृषियन्त्र उपकरण वितरण गर्ने गरिएको छ । साथै परियोजनाले प्राविधिक सहयोग गर्ने गरेको जनाइएको छ ।

जिल्लामा आव २०७३/७४ बाट 'गहुँ सुपरजोन' र आव २०७४/७५ बाट 'तेलहन जोन' सञ्चालनमा रहेको छ । 'गहुँ सुपरजोन' जिल्लाको कैलारी गाउँपालिका, गौरीगङ्गा गाउँपालिका र घोडाघोडी नगरपालिकाका विभिन्न १८ वडामा तथा 'तेलहन जोन' जानकी, जोशीपुर र बर्दगोरिया गाउँपालिका, भजनी र घोडाघोडी नगरपालिकाका विभिन्न २९ वडा सञ्चालनमा रहेको जनाइएको छ ।रासस

# सार्क मुलुकका पर्यटकको आकर्षण बन्दै 'हट एयर बेलुन'




पोखरा । पर्यटकीय राजधानी पोखरा प्राकृतिक सुन्दरताले मात्र होइन साहसिक खेलहरूका लागि पनि उत्तिकै प्रसिद्ध छ । प्याराग्लाइडिङ, जिपलाइन र बञ्जीजम्प, स्काइडाइभ, क्यानोइङ, ऱ्याफ्टिङ, हट एयर बेलुनलगायत साहसिक गतिविधि पोखरामा सञ्चालित छन् ।

प्राकृतिक सौन्दर्य र साहसिक अनुभवमा एकसाथ रमाउन सकिने भएकाले पछिल्लो समय 'हट एयर बेलुन' प्रति भने सार्क मुलुकका पर्यटकको आकर्षण बढ्न थालेको छ । बेलुन नेपाल प्रालिका अध्यक्ष विक्रम बाडेले सार्क मुलुकका पर्यटकले साहसिक यात्रा मन पराउन थालेको र त्यसमध्ये पनि उडानमा सहभागी यात्रुमध्ये ६० प्रतिशत यात्रु छिमेकी मुलुक भारतका हुने गरेको बताउनुभयो ।

"पोखरा प्राकृतिक मात्र होइन साहसिक गतिविधिको सहर पनि हो र पछिल्लो समय हट एयर बेलुनप्रति सार्क राष्ट्रका पर्यटकको आकर्षण बढ्दै गएको छ", बाडेले भन्नुभयो, "सूर्यको किरण हिमालमा पर्दा देखिने मनमोहक दृश्यदेखि हरियाली डाँडाकाँडा र तालतलैयाको दृश्यावलोकनमा रमाउन चाहने पर्यटकलाई बेलुनको साहासिक यात्राले लोभ्याउँदै लगेको छ ।"

उहाँले बेलुनको उडानले पाँच वर्ष उमेर माथि साहासिक गतिविधिमा रुचि राख्ने शारीरिक मानसिक तन्दुरुस्त भएका सबैका लागि साहसिकता र मनोरञ्जनको नयाँ ढोका खोलिदिएको बताउनुभयो । बाडेले पर्यटकका लागि एउटा फरक र रोमाञ्चक अनुभव प्रदान गर्नुका साथै स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्ने विश्वाससहित यही डिसेम्बर २४ देखि जनवरी १ सम्म पोखरामा अन्तर्राष्ट्रिय बेलुन महोत्सव आयोजना गर्न लागेको पनि जानकारी दिनुभयो ।

"पर्यटक आएर मात्र भएन आएपछि भुल्ने र रमाउने गतिविधि पनि हुनुपर्छ, हामीले यसप्रति पनि ध्यान दिएर पोखरालाई साहसिक गतिविधिको केन्द्रका रुपमा विकास गर्न महोत्सवको तयारी गरेका छौं", उहाँले भन्नुभयो । उहाँका अनुसार महोत्सवमा हट एयर बेलुनको नाइट ग्लो, टेथर्डलगायत प्रसिद्ध ब्याण्डका साङ्गीतिक कार्यक्रम, बेलुन प्रतियोगिता, डिजे म्युजिकलगायत कार्यक्रम हुनेछन् भने २० देशका व्यावसायिक बेलुन पाइलटले प्रतियोगितामा भाग लिनेछन् ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले हट एयर बेलुनले साहसिक गतिविधि रुचाउने पर्यटक मात्र नभई, प्राकृतिक सौन्दर्यमा रमाउन चाहने पर्यटकलाई पनि आकर्षित गर्न सफल भएको बताउनुभयो । "पोखरा प्राकृतिक सुन्दरताको केन्द्र मात्रै नभएर साहसिक गतिविधिहरूको पनि महत्वपूर्ण सहर बनिसकेको छ, पछिल्लो समय सार्क राष्ट्रका पर्यटकका लागि हट एयर बेलुन विशेष आकर्षणको केन्द्र बनिरहेको छ", उहाँले भन्नुभयो ।

अध्यक्ष पहारीले बेलुनले साहसिक खेल र पर्यटनमार्फत पर्यटकीय राजधानी पोखरालाई अन्तर्राष्ट्रिय मानचित्रमा स्थापित गर्दै नेपालको पर्यटनलाई

अध्यक्ष पहारीले बेलुनले साहसिक खेल र पर्यटनमार्फत पर्यटकीय राजधानी पोखरालाई अन्तर्राष्ट्रिय मानचित्रमा स्थापित गर्दै नेपालको पर्यटनलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । युरोपियन मापदण्डअनुसारका हट एयर बेलुन क्यानमा जाँच गरेरमात्र भित्र्याइन्छन् । काठमाडौँमा सनराइज बेलुनले सन् १९९१ हट एयर बेलुन भित्र्याएको थियो ।

समृद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । युरोपियन मापदण्डअनुसारका हट एयर बेलुन क्यानमा जाँच गरेरमात्र भित्र्याइन्छन् । काठमाडौँमा सनराइज बेलुनले सन् १९९१ हट एयर बेलुन भित्र्याएको थियो ।

काठमाडौँमा हवाइ चाप बढ्न थालेपछि बेलुन उडान बन्द भएको थियो । पोखरामा भने पहिलो पटक सन् २००९/१० मा बेलुन उडान प्रयास गरिए पनि व्यावसायिक रूपमा सन् २०१८ मा बेलुन नेपाल प्रालिले सुरू गरेको हो । अहिले कम्पनीसँग तीन वटा छुट्टाछुट्टै भारवहन क्षमताका हट एयर बेलुन छन् । त्यसमा पाँच, आठ र १२ जनाले उडान गर्न सक्छन् भने यसको मूल्य रु ७० लाखदेखि एक करोड ४० लाखसम्मका छन् ।

बेलुन उडानका लागि नेपालीलाई रु ११ हजार, सार्क मुलुकका पर्यटकलाई एक सय २० अमेरिकी डलर र अन्य मुलुकका नागरिकलाई एक सय ५० अमेरिकी डलर शुल्क लाग्छ । हट एयर बेलुनमा यात्रा गर्ने यात्रुको २० हजार डलरको यात्रु बिमा गरिन्छ । यो शुल्कमा उडानसँगै आकर्षक क्याप, लेकसाइडदेखि पामेसम्मको दुईतर्फी यातायात, फोटो, भिडियो र प्रमाणपत्रसमेत उपलब्ध गराइन्छ । बेलुन रिजर्भ गरी उडान गर्न मिल्ने सुविधा पनि उपलब्ध छ । असार, साउन र भदौमा वर्षायामको कारण उडान हुँदैन । उडान समय ४० मिनेटको हुन्छ । कम्पनीले सूर्योदय र सूर्यास्तको समयलाई मध्यनजर गर्दै बिहान ५ देखि ९ बजेसम्म र अपराह्न ४ देखि साँझ ६ बजेसम्म उडान गराउँदै आएको छ ।

बेलुन प्रालिका प्रबन्ध निर्देशक सविन महर्जनका अनुसार बेलुन पोखराको लौरुकदेखि उडेर चत्त पुर क्षेत्रमा अवतरण हुने गर्दछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको टावर फ्रिक्वेन्सी सम्पर्कमा रहने गरी उडान हुँदै आएको छ । नागरिक उड्डयन प्राधिकरणबाट कम्पनीले नौ हजार फिटसम्मको अनुमति पाए पनि हाल छ हजारदेखि सात हजार फिटसम्मको उडान बेलुनले भर्दै आएको छ । अहिले स्पेनका क्लेटो र बेलायतका हार्भे एलेक्जेन्डरले पाइलट हुनुहुन्छ । कम्पनीका अनुसार गत वर्ष पोखरामा दुई हजार चार सय पर्यटकले बेलुन उडानको मजा लिएका थिए ।

हट एयर बेलुन एउटा विशेष प्रकारको हावाबाट भरिएको बेलुन हो । केही विशेष प्रक्रियाअनुसार गरिन्छ । तातो हावा प्रयोग गरी उडाउन सकिन्छ । बेलुनलाई उडाउन ग्यास वर्नर प्रयोग गरी बेलुनभित्र तातो हावा भरिन्छ । तातो हावाको घनत्व कम हुने भएकाले यो चिसो हावाभन्दा हल्का हुन्छ । त्यसले गर्दा बेलुन माथि उड्छ । उडान अघि र बेलुनको सुरक्षा अवस्थाको जाँच गरिन्छ । पाइलट र प्राविधिकहरूले बेलुनका सबै भागहरूको निरीक्षणपश्चात् हावा, मौसम र दिशा नियन्त्रण गर्दै बेलुनलाई सुरक्षित रूपमा उडान गर्दछन् । हावाको चाप, वर्षा वा हावाहुरीजस्ता प्रतिकूल अवस्था भएमा उडान स्थगित गरिन्छ ।रासस

## मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५:

# करिब एक लाख पर्यटक भित्र्याउने तयारी



खोटाङ । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने 'मुन्दुम ट्रेल' (पदमार्ग) को थप पर्यटन प्रवर्द्धन गर्न आयोजना गर्न लागिएको 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' आगामी पुस १७ गतेबाट औपचारिक रुपमा सुरु हुँदैछ । मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रको संयोजनमा आयोजना गर्न लागिएको 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' सफल पार्नका लागि आन्तरिक तयारीलाई तीव्रता दिइएको छ ।

'मुन्दुम ट्रेल' को स्तरोन्नति तथा पर्यटन प्रवर्द्धन गर्न आयोजना गरिएको 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' मा आन्तरिक तथा बाह्य गरी करिब एक लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको आयोजक मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईले जानकारी दिनुभयो ।

"मुन्दुम ट्रेल पर्यटकका लागि भर्जिन गन्तव्य भएकाले कम्तीमा पनि एक लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको, यसका लागि आन्तरिक तयारीलाई तीव्रता दिएका छौं", उहाँले भन्नुभयो, "मैयुङ-टेम्के-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रको संयोजकत्व र 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' मूल व्यवस्थापन समितिको बैठक बसेर मुन्दुम ट्रेलसँग जोडिएका स्थानीय तहहरूलाई आ-आफ्नो क्षेत्रमा विभिन्न महोत्सव र पर्यटकलाई लक्षित गरेर पर्यटकीय क्रियाकलाप आयोजना गर्न लगाउने निर्णय गरिएको छ, यसले बाह्य पर्यटकका लागि आकर्षित गर्ने अपेक्षा गरेका छौं ।"

'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' को अवसरमा खोटाङको केपिलासगढी गाउँपालिकामा 'हनी हन्टिङ' महोत्सव तथा गोठ स्टे (गोठवास) महोत्सव, खोटाङकै साकेला गाउँपालिकामा उभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव, भोजपुरको टेम्के मैयुङ गाउँपालिकामा गुराँस, घोडचढी तथा फिल्म सुटिङ महोत्सव, भोजपुर नगरपालिकामा अल्ट्रा म्याराथुन, माउन्टेन साइकिलिङ, साल्पा सिलिछो गाउँपालिकामा नछोङ (धामी) महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा चाकचाकुर महोत्सवलगायत कार्यक्रम आयोजना गरिने पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष राईले जानकारी दिनुभयो ।

पहिलो पटक आयोजना गरिएको 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५'मा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि मुन्दुम ट्रेल आसपासका स्थानीयले धमाधम होम-स्टे (घरवास) तथा गेष्ट हाउस (पाहुनाघर) निर्माण गरिरहेका छन् । नेपाल सरकारको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' करिब १०७ किलोमिटर लामो दुरीको छ । प्राकृतिक रुपमै पर्यटकीयस्थल रहेको 'मुन्दुम ट्रेल' स्तरोन्नतिमा तीनवटै तहका सरकारको करोडौं लगानीसमेत भइरहेको छ ।

'मुन्दुम ट्रेल' पदमार्गको दाँयाबाँया चौडा गर्ने, सुक्खा ढुङ्गाको सिँढी लगाउने र ढुङ्गाकै सोलिङ गर्नेलगायत आधारभूत भौतिक पूर्वाधारको काम भएको छ । खोटाङ र भोजपुरको पर्यटन प्रवर्द्धन तथा विकासमा 'मुन्दुम ट्रेल' पदमार्गले ठूलो सहयोग पुगेको खोटाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एव नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य रामकुमार राईले बताउनुभयो ।

साकेला गाउँपालिका क्षेत्रभित्र पर्ने 'मुन्दुम ट्रेल' पदमार्गखण्डमा स्थानीय सरकारको ३० प्रतिशत, प्रदेश सरकारको ३५ प्रतिशत र स्वीस सरकारको ३५ प्रतिशत गरी रु ९१ लाख ४५ हजार २५२ मा 'मुन्दुम ट्रेल' स्तरोन्नतिको काम गरिएको छ । त्रिपक्षीय सम्झौताको आधारमा निर्माण सुरु गरिएको 'मुन्दुम ट्रेल' को अवधारणा विसं २०७५ पुस २१ गते औपचारिक रुपमा अघि सारिएको हो ।

प्रकृतिप्रेमी अर्थात् सौन्दर्यमा रमाउन चाहने तथा किराती संस्कार, संस्कृति अध्ययन एवं अनुसन्धान गर्न आउने पर्यटकका लागि 'मुन्दुम ट्रेल' रोजाइमा पर्ने गरेको छ । पूर्वीपहाडी जिल्ला खोटाङ, भोजपुर, सोलुखुम्बू तथा सत्ुवासभा सीमामा पर्ने यो मुन्दुम ट्रेल किरात समुदायको ऐतिहासिकतासँग सम्बन्धित छ ।

खोटाङ र भोजपुरको सीमामा पर्ने खिदिमास्थित तावाभञ्ज्याङबाट सुरु भएको यो पदमार्ग तीन हजार १६५ मिटरको टेम्केडाँडा हुँदै मैयुङ, तीन हजार ७५० मिटरको साल्पापोखरी तथा चार हजार १६५ मिटरको सिलिचुङसम्म पुगेर टुङ्गिन्छ । पहाडैपहाडको चुचुरामा निर्माण सुरु गरिएको मुन्दुम ट्रेल पदमार्ग पूरा गर्न विदेशीका लागि करिब १३ दिन तथा नेपालीका लागि १० दिन लाग्ने गरेको छ ।

हिमाल नजिकै पुगेर त्यसको सौन्दर्यमा रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि डाँडैडाँडा यात्रा गर्दा थकानको महसुस नहुने पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष राईले जानकारी दिनुभयो । पदमार्गमा अधिकांश किरात समुदायका बस्ती रहेको तथा उनीहरूको मौखिक ग्रन्थ 'मुन्मुम' मा उल्लेखित किराती जीवनशैली, संस्कार र संस्कृतिबारे वर्णन गरिने भएकाले पदमार्गको नाम 'मुन्दुम ट्रेल' राखिएको हो ।

ठूलठूला घाँसे मैदान, फराकिला चौरीखर्क तथा भेडीगोठका साथै घोडचढी अर्थात् घोडा चढ्न पाउनुले आन्तरिक तथा बाह्य पर्यटकलाई थप आकर्षित गर्दै आएको छ । दर्जनौं प्रजातिका गुराँस, चाँप, कटुस, लोक्ता, विविध जडीबुटी तथा घना जङ्गल अवलोकनमा रम्न पाइने यस क्षेत्रको अर्को आकर्षण हो ।

मैयुङको हाँसपोखरी क्षेत्रमा पाइने विभिन्न प्रजातिका चराचुरुङ्गी, रेडपाण्डा, भीर मौरी र विभिन्न जङ्गली जनावरसँग त्यत्तिकै लुकामारी खेल्न पाइन्छ ।रासस


**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**नक्टाझिज, धनुषा, नेपाल**

**बीउ बिजन आत्मनिर्भर कार्यक्रमका लागि खामबन्दि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०९)**

यस निर्देशनालयको चालु आ. व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कार्यक्रममा सहभागी हुन ईच्छुक मधेश प्रदेशका कृषि सहकारी/कृषक समूह/कृषि फार्म/कृषि कम्पनी/कृषि उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट) परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित यस निर्देशनालयमा खामबन्दि निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ साथै अनुदानको अधिकतम सिमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।

**प्रस्तावमा समावेश हुन सक्ने विषयगत क्षेत्रहरु निम्न बमोजिम मात्र हुने छ ।**

(क) खाद्यान्न, दलहन र तेलहन बालीको मूल, प्रमाणित र उन्नत बीउ उत्पादन यान्त्रिकीकरणका लागि स्वचालित तथा एट्याचमेन्ट कृषि यन्त्र खरीद सम्बन्धी कार्यहरु।
(ख) पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor) सम्बन्धी कार्यहरु।
(ग) खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु।
(घ) सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु।

**तपसिल:**

१. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस,
३. लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव,
४. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/ कृषक संख्या,
५. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो अनुदानग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
६. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,
७. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि,
८. प्रस्तावित कार्यक्रमको लागत अनुमान,
९. प्रस्तावित कार्यक्रम माग गर्ने कृषि सहकारी/समूह/फार्म/कम्पनी/उद्योगको निर्णय र प्रस्तावित कार्यक्रम दर्ता गर्ने व्यक्ति र कृषि सहकारी/समूह/फार्म/कम्पनी/उद्योगको निर्णय
१०. पेश हुन आएका कुनै पनि प्रस्ताव/निवेदनहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा हुनेछ।
११. रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव/ निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।
१२. यस सूचनामा उल्लेखित थप अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।
१३. **नोट**: प्रस्ताव निवेदनको ढाँचा अनुसूची २, प्रस्तावको विवरण अनुसूची ३, प्रतिवद्धता पत्र अनुसूची ५ र वीउ विजन आत्मनिर्भर कार्यक्रम सञ्चालन विधि २०८१ यस निर्देशनालयको website: add.madhesh.gov.np बाट डाउनलोड गरी जानकारी लिन सकिनेछ। थप जानकारीका लागि फोन नं. ०४१-५९१७४९/९८६०५९७२७३ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख**

# बोरामा बाँधेर फालिएको अवस्थामा शव फेला



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा एक किशोरीको शव कमला नहरमा फेला परेको छ।

जिल्लाको कमला नगरपालिका- २ र जनकनन्दनी गाउँपालिका- ४ को सीमावर्ती क्षेत्र अवस्थित नहरमा एक किशोरीको शव फेला परेको धनुषा प्रहरीले जनाएको छ।

बोरामा बाँधेर फालिएको अवस्थामा अन्दाजी १८ वर्षीया किशोरीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। प्रहरीले किशोरीको घाँटीमा धारिलो हतियार प्रहार भएको र दुबै खुट्टा बाँधिएको अवस्थामा किशोरीको शव फेला परेको छ।

धान काट्न गएका किसानले नहरमा शंकास्पद बोरा देखेपछि प्रहरीलाई खबर गरेका थिए। इलाका प्रहरी कार्यालय खजुरीको टोली घटनास्थल पुगेर बोरा खोल्दा किशोरीको शव देखेपछि बाहिर निकालेको थियो।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट तालिम प्राप्त कुकुरसहितको टोलीले अनुसन्धान गरेको छ। यता किशोरीको पहिचान भने अहिलेसम्म हुन सकेको छैन।

# चार उद्योग सम्मानित




**टुडे समाचारदाता**

जनकपुरधाम। १३ औँ राष्ट्रिय कर दिवस २०८१ का अवसरमा जनकपुरधाममा विभिन्न चार उद्योग सम्मानित भएका छन्।

जनकपुरधाममा शनिबार आयोजित कार्यक्रममा क्षीरेश्वर डिस्टिलरी धनुषा, रक्षा ट्रेडर्स एण्ड सप्लायर्स महोत्तरी, नेपाल भेनियर उद्योग सर्लाही तथा सुनिता आयल सेन्टर सिन्धुलीलाई आन्तरिक राजस्व कार्यालयले सम्मान गरेको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरका प्रमुख आनन्दकुमार गुप्ताले उद्योगी र व्यवसायीले आफ्नो आम्दानीबाट विनाअवरोध कर तिरेर असल नागरिकको पहिचान सावित गर्नुपर्ने बताए। मधेश प्रदेशका प्रमुख लेखा नियन्त्रक वीरेन्द्रकुमार मिश्रले सरकार र करदाता आपसी मित्रवत व्यवहारबाट कर संकलन गर्नुपर्ने बताए।

जनकपुर भन्सार कार्यालयका प्रमुख मानबहादुर पौडेलले राज्यको कर छल्नु गलत काम भएकाले समयमा आफ्नो हिसाबकिताब गरेर कर दाखिला गर्नुपर्ने आग्रह गरेका छन्। जनकपुरधाम उद्योग वाणिज्य संघका कोषाध्यक्ष परमेश्वर साहले प्रत्येक वर्षको करका दरमा गर्ने बढोत्तरीले व्यवसायी तथा उद्योगी समस्यामा परेको गुनासोसमेत गरे।

## स्थानीय तह उपनिर्वाचनः

# जनमतद्वारा १६ स्थानमा उम्मेदवारी

**टुडे समाचारदाता**

जनकपुरधाम। २०७९ को स्थानीय तह निर्वाचनमा मधेश प्रदेश र लुम्बिनी प्रदेशको स्थानीय तहमा मात्र जितेको डा. सीके राउत नेतृत्वको जनमत पार्टीले मंसिर १६ गते हुन गइरहेको उपनिर्वाचनमा १६ स्थानमा उम्मेदवारी दिएको छ।

यसअघि जनमत पार्टीले स्थानीय तहका विभिन्न ११२ सिट जितेको थियो। त्यसमध्ये मधेश प्रदेशमा पालिका प्रमुखमा एक, गाउँपालिका अध्यक्ष एक, उपाध्यक्षमा एक सिट जितेको थियो। त्यसैगरी, लुम्बिनी प्रदेशमा वडाअध्यक्ष सहित अन्य सदस्यहरूमा जितेको थियो।

उपनिर्वाचनमा जित्ने लक्ष्यसहित आफ्नो पकड भएको क्षेत्रमा पनि उम्मेदवारी दिएको जनमत पार्टीका उपाध्यक्ष ई. दीपक साहले बताए। 'हाम्रो लक्ष्य त उम्मेदवारी दिएको सबै ठाउँमा जित्ने हो,' उनले भने, 'त्यसैले संगठन बलियो भएको र चुनाव जित्ने सम्भावना भएको ठाउँमा मात्र उम्मेदवारी दिन लगाएका छौं।'

सुनसरी, सप्तरी र रौतहटमा जित्ने लगभग पक्का रहेको उपाध्यक्ष साहले बताए। जनमत पार्टीले पहिलो पटक २०७९ को स्थानीय तह चुनावमा सहभागिता जनाएको थियो। पहिलो पटक भाग लिँदा पनि दुई पालिका प्रमुखसहित उपाध्यक्ष, वडाअध्यक्ष, सदस्यहरू जिताउन सफल भएको थियो।

संगठनले राम्रो काम गरेकाले विगतको चुनावभन्दा यो उपचुनावमा राम्रो परिणाम हासिल हुने अपेक्षा आफूहरूले गरेको उपाध्यक्ष साहले बताए।

जनमत पार्टीले कीर्तिपुर नगरपालिकामा पनि उम्मेदवारी दिएको छ। पालिका प्रमुखमा केशव श्रेष्ठलाई सो पार्टीले उम्मेदवार बनाएको छ। जनमत पार्टीले २०७९ को चुनावमा कीर्तिपुरको मेयरमा उम्मेदवारी दिएको थिएन। उपत्यकामा संगठन निर्माण भएका कारण कीर्तिपुरमा जित्ने सम्भावना रहेको जनमत पार्टीको दाबी छ।

जनमत पार्टीले मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा पनि उम्मेदवारी दिएको छ। पालिका अध्यक्षमा विनोद कुमार माझीलाई उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा जनमत पार्टी यहाँ छैठौं स्थानमा सीमित थियो।

त्यहाँ कांग्रेसका जयप्रकाश गच्छदार थारु सात हजार ६०५ मतले जित्दा जनमत पार्टीले ९८ मतमात्र ल्याएको थियो।

जनमत पार्टीले झापाको कन्काई नगरपालिका वडा नम्बर ६ को वडाअध्यक्षमा सुकलाल राजवंशीलाई उम्मेदवार बनाएको छ। विगतको चुनावमा त्यहाँ जनमत पार्टीले उम्मेदवारी दिएको थिएन। त्यस्तै, सुनसरीको गढी गाउँपालिकाको वडा नम्बर ६ को अध्यक्षमा जनमत पार्टीबाट सिताराम यादव उम्मेदवार बनेका छन्। २०७९ को चुनावमा जनमत पार्टी यहाँ पाँचौं स्थानमा सीमित भएको थियो। यसपटक जसरी पनि त्यहाँ जित्ने दाबी जनमत पार्टीको छ। अघिल्लो निर्वाचनमा त्यहाँ एमालेका सदनन्द उराँव झागरले ७१२ मत ल्याएर निर्वाचित भएका थिए। जनमत पार्टीले २२४ मतमात्र पाएको थियो।




सप्तरीको डाक्नेश्वरी वडा नम्बर १ को अध्यक्षमा शैलेन्द्र साहलाई जनमत पार्टीले उम्मेदवार बनाएको छ। विगतको चुनावमा जनमत पार्टी त्यहाँ पाँचौं स्थानमा सीमित भएको थियो। कांग्रेसका प्रितमलाल चौधरी ५३५ मत ल्याएर जित्दा जनमत पार्टीका दीपन्द्र साहले ९६ मतमात्र पाएका थिए।

सोही गाउँपालिकाको वडा नम्बर ४ को वडा अध्यक्षमा उदय नारायण पंडितलाई जनमत पार्टीले उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा यहाँ तेस्रो स्थानमा रहेको जनतमत पार्टीका उदय पण्डितले १९७ मत पाएका थिए। जबकि ३३३ मत ल्याएर कांग्रेसका हरिप्रसाद राय निर्वाचित भएका थिए।

जनमत पार्टीले धनुषाको धनुषाधाम नगरपालिकाको वडा नम्बर १ को वडा अध्यक्षमा कुशेश्वर मण्डललाई उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा जनमत पार्टीले त्यहाँ १० औँ स्थानमा सीमित भएको थियो। कांग्रेसका विश्वनाथ यादव ६१८ मत ल्याएर जित्दा जनमतका रामजोती देवी यादवले ९ मत ल्याएकी थिइन्।

त्यस्तै, महोत्तरीको रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ को अध्यक्षमा ललेन्द्र साहलाई जनमत पार्टीले उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा छैटौं स्थानमा जनमत पार्टी थियो। कांग्रेसका मुकेश यादव ४३३ मतसहित निर्वाचित हुँदा जनमतका अशोक यादवले १७ मतमात्र पाएका थिए।

रौतहटको ईशनाथपुर नगरपालिका-७ को अध्यक्ष पदमा जनमतले शेख समिरुल हकलाई उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा यहाँ एमालेका शेख खली उल्लाहले ६८३ मत ल्याएर जितेका थिए भने जनमत पार्टी पाँचौं स्थानमा सीमित थियो। सो पार्टीका सेख मनिरले २० मत पाएका थिए।

त्यस्तै राजपुर वडा नं. ६ को अध्यक्षमा जनमतले कमल मन्सुरीलाई उम्मेदवार बनाएको छ। २०७९ मा जनमत पार्टीबाट उम्मेदवार बनेका शेख मोहम्मद मुस्ताकले एक मत पनि प्राप्त गर्न सकेनन्। त्यहाँ कांग्रेसका सेख मोजरे आलमले ५३४ मत ल्याएर निर्वाचित भएका थिए।

गढीमाई नगरपालिका वडा नम्बर ८ को अध्यक्ष पदमा जनमत पार्टीले सुरेन्द्र राउत कुर्मीलाई उम्मेदवार बनाएको छ। यसअघिको चुनावमा जनमत पार्टीले सो वडामा ८ मतमात्र पाएको थियो। यहाँ जसपा नेपालका रामाज्ञा राय यादव ७६४ मतसहित विजयी भएका थिए।

काठमाण्डुको कीर्तिपुर नगरपालिकाको वडा नम्बर १ को अध्यक्षमा जनमत पार्टीले विकास प्रधान र वडा नम्बर ४ को अध्यक्षमा कृष्ण महर्जनलाई उम्मेदवार बनाएको छ। यसअघिको चुनावमा जनमतले त्यहाँ आफ्नो उम्मेदवार उठाएको थिएन। त्यस्तै, काठमाडौं महानगरपालिका वडा नम्बर १६ मा पनि उम्मेदवार उठाएको छ।

जनमत पार्टीले कपिलवस्तुको शुद्धोधन नगरपालिका वडा नम्बर १ को वडा अध्यक्ष पदमा सिताराम पटेललाई उम्मेदवार बनाएको छ। २०७९ को चुनावमा जनमत पार्टी त्यहाँ तेस्रो स्थानमा थियो। त्यहाँ काँग्रेसका तिलकराम यादवले एक हजार ३२ मत ल्याएर चुनाव जितेका थिए भने जनमतका सीताराम पटेलले ५४७ मत पाएका थिए।

त्यस्तै, जनमत पार्टीले कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नम्बर ६ को वडा अध्यक्षमा यादव बहादुर चन्दलाई उम्मेदवार बनाएको छ। गत चुनावमा जनमतले त्यहाँ उम्मेदवारी दिएको थिएन। यसपटक संगठन बनेको कारण उम्मेदवारी दिइएको सो पार्टीले जनाएको छ।

उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १२ को अध्यक्षमा जनमत पार्टीले प्रमोद मलाह सहनीलाई उम्मेदवार बनाएको छ। गत चुनावमा जनमत पार्टीले उम्मेदवारी नै दिएको थिएन।

# डाक्नेश्वरीमा सुरक्षाका लागि २ सय ५० प्रहरी परिचालन

**टुडे समाचारदाता**

राजविराज। स्थानीय तहको उपनिर्वाचनको क्रममा उपनिर्वाचनसम्बन्धी आचारसंहीता लागू भइसकेको अवस्थामा सप्तरीको डाक्नेश्वरी नगरपालिका क्षेत्रमा मदिराजन्य पदार्थ बिक्रि बितरण र सेवन निषेध गरिएको छ।

मंसिर १६ गते सो पालिकाको १ र ४ गरी दुई वडामा वडाअध्यक्ष पदका लागि उपनिर्वाचन हुने भएको छ। स्थानीय प्रशासनले सूचना जारी गर्दै निर्वाचन सुरक्षाको सन्दर्भमा मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवनमा रोक लगाएको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले सो निर्णय मतगणना कार्य सम्पन्न नभएसम्मको अवधि भर लागू हुने छ। जारी भएको सुचनाको अवज्ञा गर्नेलाई कानुन बमोजिम कारबाही हुने उनको भनाइ छ।

यसैगरि मंसिर १५ गते राती १२ बजेदेखि निर्वाचन सम्पन्न नभएसम्म सो नगरपालिका क्षेत्रमा अत्यावश्यक सवारीसाधन बाहेक अन्य सवारीसाधन अनुमति बिना आवतजावतमा रोक लगाइएको छ। साथै स्थानीय प्रशासनले कोही कसैले निर्वाचन कानुन र निर्वाचन आचारसंहीता विपरीत कुनै पनि कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने जनाएको छ।



यता विभिन्न सूचना र सुरक्षा विश्लेषणपछि आवश्यक सुरक्षा प्रवन्ध मिलाउन सो निर्वाचन स्थलमा २ सय ५० नेपाल प्रहरी परिचालन भएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए। "आवश्यक उपकरण र हतियारसहित निर्वाचन सुरक्षाका लागि २ सय ५० प्रहरी परिचालन गरिएको छ, प्रहरी उपरिक्षक ढकालले भने "आवश्यक परे जिल्लाबाट थप प्रहरी परिचालन गरिनेछ।"

यसबाहेक सशस्त्र प्रहरी र सेनाले समेत निर्वाचन सुरक्षा प्रबन्धमा सघाउने उनको भनाइ छ। मतदाताहरु ढुक्क भएर मतदानका लागि आउने वातावरणमा कुनै कसर नरहने उनले बताए।

उपनिर्वाचनका लागि सो पालिकामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भइ मतदाता शिक्षा कार्यकर्ताबाट मतदातालाई उपनिर्वाचन, यसको महत्व र मतदानको प्रक्रियाबारे जनचेतनामूलक प्रचारप्रसार गर्ने काम समेत थालिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

निर्वाचन हुने ती दुबै पदमा यसअघि कांग्रेसका क्रमशः प्रितमलाल चौधरी र हरिप्रसाद राय चुनाव जितेका थिए। चौधरी र राय दुबैको निधन भएका कारण रिक्त हुन गएको पदका लागि मंसिर १६ गते उपनिर्वाचन हुन लागेको छ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर १ मा २ हजार ६ सय ३५ र वडा नम्बर ४ मा १ हजार २ सय ८१ मतदाता छन्। मतदानका लागि तीन मतदान स्थल र पाँच मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए।

दुई वडा अध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा विभिन्न दलका १४ र १ स्वतन्त्र गरी कुल १५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

# विद्यार्थीको हाटबजारसहित शिक्षण सिकाइ

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा सयौं विद्यार्थीको सहभागितामा हाटबजार सञ्चालन गरिएको छ। सो हाटबजारमा नेपाल भरीबाट आएका विद्यार्थीहरुले आ-आफ्नो सीपमार्फत विभिन्न सामग्री उत्पादन गरी विक्री वितरण गरेका छन्।

जनकपुरधाममा शनिबार मोनाष्टिक आवासिय माध्यमिक विद्यालयको प्रांगण चारैतिर विद्यार्थीहरु लामबद्ध भई स्टल लगाएर दैनिक उपभोग्य वस्तुहरु लहरै राखेका थिए।

घर सरसजावटका सामानहरुदेखि लिएर बगिया, पुरी, तरकारी, अचार, फापरलगायतका खाद्यसामग्रीहरु पनि बिक्रीका लागि राखिएका थिए। जुन विद्यार्थी आफैंले बनाएका थिए।



स्कुले पोशाकमा सजिएका छात्रछात्रा आ-आफ्नो अगाडि भुटेको मकै, सिमी, अमलाको अचार, जरेला, ग्राउन्डएप्पल, मुला, भटमास, तितेकरेला, कागती, मास, चामल, फर्सी, सुठुनी, सुन्तला, तेजपत्ता, दूध, घिउलगायत कृषि उत्पादन राखेर ग्राहकको प्रतिक्षामा बसिरहेका देखिन्थे।

विद्यालयले आयोजना गरेको कार्यक्रममा विद्यार्थीले हाटबजार सञ्चालन गरेका हुन्। हाटबजारमा देशभरिका ३० विद्यालयबाट आएका करिव ३५० जना विद्यार्थीहरुले ८० वटा स्टलमा विभिन्न वस्तुहरु बिक्रीका लागि राखेका थिए।

रहमान पनि हाटमा साथीसँगै पंक्तिबद्ध भएर प्लास्टिमा प्याक गरेको मकै, चुच्चेकरेलालगायत कृषि उत्पादन बिक्री गरिरहेकी थिइन्। हप्ताको ६ दिन विद्यालय जाने ती छात्रछात्रालाई शनिबार हटियामा कृषि उपज बिक्री गर्न भ्याइनभ्याई थियो।

'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत विद्यार्थीले उत्पादन गरेका सामग्रीको बजारीकरणमा सहजीकरणका लागि विद्यालयमा हाटबजार कार्यक्रम राखिएको मोनाष्टिक आवासिय माध्यमिक विद्यालयका निर्देशक डा. सोनु साहले बताए।

उनले भने, 'अघिल्लो वर्ष हाटबजार आयोजना गरिएपनि सामग्री थोरै भएकाले अभिभावक, विद्यार्थी, शिक्षक-शिक्षिकाबीच सीमित हुन्थ्यो। तर, यसपालि बृहत रुपमा आयोजना गर्न पाउँदा एकदमै हर्षित छु।'

'विद्यार्थीलाई हौसला र प्रोत्साहन प्रदान गर्न यसपालि हाटबजारलाई बृहत् गराइएको छ,' निर्देशक डा. साहले भने।

उनले भने, 'विद्यार्थी पढ्छन् तर रोजगारको ग्यारेन्टी छैन। सीपमूलक काम केही जानेको हुन्न,' नेपाल युवा उद्यमी मञ्चका अध्यक्ष कुशल सुदर श्रेष्ठले भने, 'शिक्षालाई जीवनोपयोगी सीपसँग जोड्नुपर्छ। पढेर गरिखाने बनाउनु पर्छ। पैसा बोकेर किन्न जाने तर बेच्न लजाउने प्रवृत्ति हटाउनु पर्छ भनेर सिकाउने प्रयास गरिएको हो।'

कारखानाका सिइओ पवित्र बहादुर गौतमले भने, 'हाम्रो शिक्षा विद्यार्थीलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने खालको हुनुपर्छ भन्ने महसुस गरेर यस्तो शैक्षिक अभ्यास गरिएको हो।'

कारखानाले विद्यार्थीको किन्ने क्षमता हेरेर सामान विद्यालयमा बिक्री गर्ने गर्छ। गौतमले बताए अनुसार अहिलेको सिकाइको तौरतरिकाले विद्यार्थीलाई अलमलमा पारिरहेको छ। यस्तो अवस्थामा २० वर्षको उमेरमा एकैपटक कोही 'इनोभेटर' हुन सक्दैनन् भन्ने कारखानाको बुझाइ छ।

उनले भने, 'त्यसैले हामी पाठ्यक्रममा जे छ, त्यही कुरा उत्पादन गर्छौं। पाठ्यक्रमबाट टाढा हुँदैनौं' उनले अघि थप्दैं भने, 'पाठ्यक्रमलाई कक्षामा लिएर जाने तौर-तरिकामा धेरै सुधार गर्नुपर्ने आवश्यकता छ।'

# ६ वर्षमा पनि बनेन अस्पताल

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजविराजमा तीन सय शय्याको गजेन्द्रनारायण सिंह अस्पताल निर्माण थालिएको ६ वर्ष वितिसक्दा पनि पूरा भएको छैन। निर्माण कम्पनीसंग तीन वर्ष ६ महिनामा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको भए पनि अहिलेसम्म सो भवन निर्माण हुन सकेको छैन।



सो अस्पतालको भवन पूरा नहुँदा बहिरङ र प्रसूति सेवा प्रभावित भएको छ। सहरी विकास मन्त्रालयबाट ३१ करोड ६ लाख २० हजार रुपैयाँमा २०७५ सालमा भवन निर्माण सम्झौता भएको छ। तीनपटक म्याद थप गरिए पनि भवन अधुरै रहेको छ।

२०७५ पुस २६ गते तत्कालीन उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले भवन निर्माणको शिलान्यास गरेका थिए। सघन सहरी तथा भवन निर्माण आयोजनाले जनाए अनुसार निर्माण कम्पनीलाई अगामी पुसभित्र निर्माण सम्पन्न गर्न निर्देशन दिएको छ।

**एडस तथा यौन रोगबाट बच्न र बचाउन**

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८